## बाढीपहिरोबाट जोगिऔं

**जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा :**

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

**बाढीपहिरोबाट आफू बचौं, अरुलाई पनि बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक ६० काठमाडौं बिहीबार, ७ असार २०८० Prabhab National Daily Thursday, June 22, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# विपद्ले ६८ दिनमा ७३ करोडको क्षति, ७४ जनाको मृत्यु



**यही असार २ गते संखुवासभाको हेवाखोलामा आएको बाढीमा बेपत्ता भएकाहरूको खोजी गर्दै सुरक्षाकर्मी।** *तस्बिर: रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** विपद्का घटनाहरूमा परी पछिल्ला ६८ दिनमा ७४ जनाले ज्यान गुमाएका छन्। २८ जना बेपत्ता छन्। तीन सय जना घाइते भएका छन्।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यतिका संख्यामा मानवीय क्षतिका घटना गत १ वैशाखदेखि ५ असारसम्ममा भएका हुन्। यस अवधिमा एक हजार ५०४ वटा विपद्जन्य घटना भए। ७३ करोड ११ लाख ६२ हजार रूपैयाँभन्दा बढीको क्षति भएको छ। दुई हजार १७६ घरपरिवार प्रभावित भएका छन्।

विपद्का घटनामा पछिल्ला दिन भने मनसुनजन्य घटना घटिरहेका छन्। देशको पूर्वी क्षेत्रको प्रदेश कोशीका पहाडी जिल्लाहरू पाँचथर, ताप्लेजुङ र संखुवासभा बढी प्रभावित छन्। (बाँकी पृष्ठ २ मा)

- १ वैशाखदेखि ५ असारसम्ममा ७४ जनाको मृत्यु, २८ जना बेपत्ता र ३०० जना घाइते
- एक हजार ५०४ वटा विपद्जन्य घटना, ७३ करोड ११ लाख ६२ हजारको क्षति
- दुई हजार १७६ घरपरिवार प्रभावित
- यस वर्ष मनसुनजन्य घटनाबाट १२ लाख ५४ हजार १८१ जना प्रभावित हुने

**'प्रभावित क्षेत्रमा प्राथमिकताका आधारमा काम हुँदै छ'** (पृष्ठ ३ मा)

# 'ट्रेन्डिङ'मा बालेन

■ **दीपा सुनुवार**

**काठमाडौं–** काठमाडौं महानगरका प्रमुख बालेन्द्र (बालेन) साह एकपछि अर्को घटनाका कारण चर्चामा छन्। लौरो र नेपालको राष्ट्रिय झण्डा बोकेकै भरमा प्रमुखमा निर्वाचित भएको केही समयमै 'फिजिकल एक्सन'मा उत्रिएका बालेन पछिल्ला दिनहरूमा भने नीतिगत एक्सनमा उत्रिएका देखिन्छन्।

हिन्दी फिल्म आदिपुरुष हलहरूमा लागेसँगै प्रमुख बालेन दिनानुदिन 'ट्रेन्डिङ'मा छन्। केही दिनयता बालेनले हिन्दी फिल्ममाथिमात्र रोक लगाएनन् भृकुटीमण्डपमा जारी शैक्षिक मेलासमेत रोकिदिए। यसअघि प्रधानमन्त्रीनिवासदेखि सिंहदरबारसम्मको फोहोर रोकिदिएर विवादमा आएका बालेनले अवैध संरचना भत्काउनेदेखि सुकुम्बासी बस्ती हटाउने विषयमा वाहवाही पाए। सडकका ठेला व्यापारीको मकै, चटपट घोप्टयाएका विषयमा भने उनी आलोचित बने। महागरका रेस्टुराँमा निःशुल्क शौचालय राख्ने नीतिले चर्चा पायो। टुकुचा उत्खनन् विवादमा तानियो भने दरबारमार्गको पार्किङ हटाउन सफल भए। यसरी 'ट्रेन्डिङ'मा आएका बालेनको चर्चाको ग्राफ पछिल्लो दिनमा झन् उकालो लाग्दो छ।

**बालेनविरुद्ध मुद्दा : एकमा सुनुवाइ, अर्कोमा पेसी**

प्रमुख बालेनले भृकुटीमण्डपमा जारी 'कान्तिपुर हिसान एडुफेयर' रोके। महानगरसँग अनुमति नलिई शैक्षिक मेला आयोजना गरेको भन्दै उनी एक्सनमा उत्रिएका हुन्। बालेनको कदमको विषयमा उच्च अदालत पाटनले हस्तक्षेप नगर्न बुधबार अन्तरिम आदेश दिएको छ। न्यायाधीश टेकप्रसाद ढुंगाना र रमेश ढकालको इजलासले मेला सञ्चालन गर्न आदेश दिएको हो। जेठ ३२ गतेदेखि मेला अवरुद्ध थियो।

'उक्त सामग्रीहरू निवेदक संस्थालाई नै उपयोग गर्न दिनू, एडुफेयर मेला सुचारु गर्ने सन्दर्भमा गर्ने तयारी तत्‌तत्‌सम्बन्धी कामकारबाही गैरकानुनी रूपमा अवरोध वा हस्तक्षेप गर्नेजस्ता अनधिकृत कार्य नगर्नू/नगराउनू भनी विपक्षीहरूको नाउँमा प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्मका लागि मुलुकी देवानी कार्यविधि २०७४ को दफा १५८ र उच्च अदालतको



नियमावली २०७३ को निमय ४२ बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ,' आदेशमा उल्लेख छ। यो आदेशसँगै हिसान मेला ८ गतेबाट चल्ने भएको छ।

बुधबार नै बालेनमाथि सिनेमा हल सञ्चालकहरूको साझा संगठन नेपाल चलचित्र संघले हिन्दी फिल्मको प्रदर्शनमा रोक लगाएको निर्णयविरुद्ध रिट दायर गरेको छ। संघले बुधबार दिउँसो उच्च अदालत पाटनमा रिट दर्ता गरेको रजिस्ट्रार ठगिन्द्र कट्टेलले जानकारी दिए। 'चलचित्र संघका पदाधिकारीहरू आएर बालेनविरुद्ध अदालतमा रिट दर्ता गराउनुभएको छ। आदिपुरुषको विवादमा अरु हिन्दी फिल्म बन्द गर्न नपाइने भन्दै (बाँकी पृष्ठ २ मा)

- केही दिनयता बालेनले हिन्दी फिल्ममाथि मात्र रोक लगाएनन् भृकुटीमण्डपमा जारी शैक्षिक मेलासमेत रोकिदिए
- अवैध संरचना भत्काउनेदेखि सुकुम्बासी हटाउने विषयमा वाहवाही पाएका बालेन सडकका ठेला व्यापारीको मकै, चटपट घोप्ट्याएका विषयमा भने विवादमा तानिए
- नागरिक उड्डयन प्रधिकरणसँग लफडामा उत्रिएका बालेन अब प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरूसँग योजनामा विवादमा तानिने देखिन्छन्

# सांसदलाई योजना छनोटमा तगारो

काठमाडौं महानगरका प्रमुख बालेन्द्र (बालेन) साहले प्रतिनिधिसभा र प्रदेश सभाका सदस्यहरूलाई योजना छनोट गर्दा महानगरसँग सहमति लिनुपर्ने बताएका छन्। सहमति नलिए योजना कार्यान्वयन नहुने उनको भनाइ रहृयो। 'संघ तथा प्रदेशबाट प्राप्त हुने संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रममा महानगरको पूर्वसहमति वा समन्वयविना छनोट भएको योजना तथा कार्यक्रम कार्यान्वयन नगरिने व्यवस्था गरिनेछ,' बुधबार राष्ट्रिय सभा गृहमा आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रमुख बालेनले भने।

काठमाडौं जिल्लामा प्रतिनिधिसभा निर्वाचन क्षेत्र १० र प्रदेशसभा निर्वाचन क्षेत्र २० वटा छन्। त्यसमध्ये नौ वटा प्रतिनिधिसभाका र १२ वटा प्रदेश सभाका निर्वाचन क्षेत्र काठमाडौं महानगरभित्र पर्छ। प्रतिनिधिसभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रमा पाँच करोड रूपैयाँको योजना छनोट गर्न पाउने गरी संसदीय बजेट विनियोजन गरिएको थियो। बालेनले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका लागि पाँच करोड विनियोजन गरेपछि सांसदहरू वडाध्यक्षको तहमा आएको टिप्पणी गरेका थिए।

**पाँच हजार नयाँ रोजगारी**

नगरसभाको १३औं अधिवेशनमा आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेस गर्दै बालेनले आफ्नो प्रगति विवरण सुनाए। शिक्षामा सीप, स्थानीय भाषाको पठनपाठनलाई निरन्तरता, १२३ रोपनी सार्वजनिक जग्गा संरक्षण, २५ वटा पार्क निर्माण, एक हजार ७०० सडकबत्ती जडान, एक हजार ५०० मिटर पैदलमार्ग निर्माण, ४२ किलोमिटर (बाँकी पृष्ठ ३ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# 'वैदेशिक रोजगारीलाई मर्यादित बनाउन सबैको योगदान हुनुपर्छ'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भर्खरै मात्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सचिवको जिम्मेवारी सम्हाल्न आएका केवलप्रसाद भण्डारीले वैदेशिक रोजगार मुलुकको अर्थतन्त्रको मेरुदण्ड रहेको बताएका छन्। बुधबार मन्त्रालयमा बधाई तथा शुभकामना दिन पुगेका वैदेशिक रोजगार व्यवसायीमाझ सचिव भण्डारीले समग्र अर्थतन्त्रको चक्रमा वैदेशिक रोजगारले मेरुदण्डको भूमिका निर्वाह गरिरहेको बताएका हुन्।

वैदेशिक रोजगार क्षेत्रका केही कुरा पहिलेदेखि जानकारीमा रहे पनि भर्खरैमात्र काम गर्ने अवसर प्राप्त भएको भन्दै सचिव भण्डारीले अबका दिनमा केही उल्लेखनीय कार्य गर्ने उद्देश्यका साथ तयारीमा लागेको बताए। वैदेशिक रोजगारी नेपालीहरूमा पुस्तौंदेखि नियती नै भएर आएको र यसै वर्षमात्र सात लाखभन्दा बढी युवा जनशक्ति बाहिरिसकेको उनले जानकारी दिए। विदेश पढ्न जाने विद्यार्थी पनि श्रमबजारमै प्रवेश गर्ने भएकाले यसलाई फराकिलो ढंगले हेर्नुपर्ने आवश्यकता रहेको सचिव भण्डारीको भनाइ छ। 'काम गर्दा कहीँ कतै गल्ती हुन्छ, त्यसलाई सच्याउँदै, सुधार गर्दै लैजानुपर्छ,' उनले भने, 'वैदेशिक रोजगार क्षेत्रमा सक्रिय संस्थाहरूको सेवामा एकरूपता ल्याउन सके विदेश जाने नेपालीले हैरानी र दुःख व्यहोर्नु पर्दैनथ्यो।'

वैदेशिक रोजगारमा नैतिकताको प्रश्न उठ्ने गरेको भन्दै भण्डारीले यसलाई पारदर्शी र मर्यादित बनाउन सबैको



योगदान हुनुपर्नेमा जोड दिए। 'श्रम र यसको आर्जन कुनै पनि मुलुकका लागि महत्त्वपूर्ण कुरा हो,' उनले भने, 'रोजगारीले व्यक्तिलाई सबल बनाउँछ नै राष्ट्रको अर्थतन्त्रमा पनि टेवा पुग्छ, यस क्षेत्रमा देखिएका समस्या हल गर्न सबै एक भएर लाग्नुपर्छ।'

वैदेशिक रोजगारीलाई सुरक्षित र फराकिलो पार्न युरोपका केही मुलुकसँग सरकारले श्रम सम्झौताको तयारी गरिरहेको भण्डारीले बताए। उनका अनुसार रोमानीय, क्रोएसिया, जर्मनीसँग सम्झौताका लागि गृहकार्य भइरहेको छ। ढिलै भए पनि बेलायतमा नर्स पठाउन गरिएको श्रम सम्झौता कार्यान्वयन मन्त्रिपरिषद्‌बाट भर्खरै पास भएकोमा उनले खुसी व्यक्त गरे। तर, विभिन्न सरकारी संयन्त्रमार्फत हुनुपर्ने कार्यमा ढिलासुस्तीलाई कसरी हटाउन सकिन्छ भन्नेमा आफ्नो ध्यान केन्द्रित भएको सचिव भण्डारीले बताए। 'हामीले मागपत्र प्राप्त गर्दासम्म भारत, श्रीलंका, बंगलादेशलगायत अन्य मुलुकले श्रमिक पठाइनै सक्छन्,' उनले भने, 'किन यस्तो भइरहेको छ ? हामी केमा अड्किएका छौं ? कसरी छिटो सर्भिस डेलिभरी गर्न सकिन्छ ? भन्नेमा नै मेरो जोड रहन्छ।'

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले दुःख पाउनुहुन्न भन्नेमा आफू सचेत रहेको भन्दै सचिव भण्डारीले अलि लामो अवधि सीप सिकेर विदेश जाँदा जोखिम कम हुने बताए। 'विदेश जानेले सर्टिफिकेट मात्र होइन सीप पनि लिएर जाउन्,' उनले भने। फ्रि भिसा फ्रि टिकट भने पनि अप्रत्यक्षरूपमा ठूलो रकम खर्च गरेर नेपाली श्रमिक विदेश गइरहेकोप्रति सरकारको ध्यानाकर्षण भइरहेको भन्दै उनले कामदारलाई पर्न जाने आर्थिक भार न्यून गर्न सक्दो पहल गर्ने बताए। उनले युरोपबाट प्राप्त हुने मागपत्र समयमा प्रमाणीकरण नहुँदा कामदारले राम्रो आम्दानीको अवसर गुमाउनुपरेको गुनासो आइरहेका कारण यसमा प्रधानमन्त्रीको कार्यालय, परराष्ट्र मन्त्रालय र श्रम मन्त्रालयबीच आवश्यक छलफल एवं समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे। त्यस्तै व्यवसायीहरूले वैदेशिक रोजगार क्षेत्रमा भएका समस्या समाधानका लागि राखेका विषयवस्तुमा पनि गम्भीर रहेको जानकारी दिए।

सचिव भण्डारीलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार क्षेत्रमा भएका समस्या र समाधानका लागि भइरहेका प्रयासबारे जानकारी गराए। उनले म्यानपावरले वर्षभरिमा १०० जना पठाउनैपर्ने प्रावधानका कारण झण्डै २५० कम्पनी नवीकरण हुन नसक्ने अवस्था भएकाले त्यसमा हुने बाधाअड्काउ फुकाई नवीकरण गर्ने वातावरण बनाइदिन माग गरे। त्यस्तै वैदेशिक रोजागरमा कामदार पठाउँदा लिइने सेवा शुल्क, युरोपबाट प्राप्त हुने मागपत्र प्रमाणीकरण, भिजिट भिसामा विदेश गई श्रमबजारमा प्रवेश गर्दा भइरहेको समस्यालगायतका विषयमा अवगत गराए।

यस्तै लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसियसनका अध्यक्ष कुमुद खनालले युरोपेली मुलुकमा रोजगारीको नाममा भयावह स्थिति आउन लागेको भन्दै बेलैमा सचेत भई समस्या समाधानमा सरकारले पहल गर्नुपर्ने बताए। प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्ष जनक रावलले सरकारको दोहोरो नीतिका कारण व्यवसायीहरू सधैं अप्ठ्यारोमा पर्ने गरेको भन्दै व्यवसायी र श्रमिक दुवैको हितमा हुनेगरी सरकारले काम गर्नुपर्ने बताए। वैदेशिक रोजगार नेवाः समाजका अध्यक्ष किसन प्रधानले विदेशमा घरेलु कामदार पठाउने सम्बन्धमा भइरहेको अन्योल र समस्या समाधानका लागि सचिव भण्डारीको ध्यानाकर्षण गराए।




# साउनदेखि प्लास्टिक निषेध

## महानगरलाई खुला संग्रहालय बनाइने

■ प्रभाव सम्वाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकामा अब प्लास्टिक प्रयोग गर्न नपाइने भएको छ। महानगरपालिकाले आगामी साउन १ गतेदेखि प्लास्टिकको प्रयोगलाई निषेध गर्ने भएको हो।

महानगर प्रमुख बालेन्द्र साहले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै साउन १ गतेदेखि एकल प्रयोगको प्लास्टिकलाई निषेध गर्ने नीति लिएका हुन्। प्लास्टिकको फूलगुच्छा उत्पादन, बिक्री वितरण र आयातका साथै ४० माइक्रोनभन्दा पातला प्लास्टिकको झोलाको प्रयोगलाई महानगर क्षेत्रमा प्रतिबन्ध लगाइने नीति पनि महानगरको छ।

महानगर प्रमुख साहले प्लास्टिक प्रयोग निषेधको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने बताए।

महानगरले आफ्नो क्षेत्रभित्र निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर र मापदण्ड निर्धारण गर्ने नीतिसमेत लिएको छ। निर्माण गर्दा वातावरणीय प्रदूषण कम हुने, कामदारको उचित सुरक्षाको प्रत्याभूति हुने, स्वदेशी कामदारको ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग सुनिश्चित हुनेगरी पूर्वाधार निर्माण कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइने भएको छ।

महानगर क्षेत्रभित्रका सडकपेटीमा पैदलयात्रालाई सहज तथा सुरक्षित बनाउन एवं अपाङ्गतामैत्री बनाउनका लागि सडक पेटीमा रहेका अवरोध टचांकी, पर्खाल, बिजुली तथा टेलिफोनका पोल तथा डिस्ट्रिब्युसन बक्स, कम्युनिकेशन बक्सजस्ता संरचना स्थानान्तरण गर्न कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने नीति पनि बालेनले अघि सारेका छन्।

'उज्यालो सहर, मेरो महानगर' परियोजनालाई गौरवका योजनाका रूपमा महानगरले अघि सारेको छ। महानगरका विभिन्न एक सय स्थानमा 'हाई मास लाइट' जडान पनि नीतिमा उल्लेख छ।

त्यसैगरी सार्वजनिक, ऐलानी, पर्ती, नदी उकास, नदी किनार, नदी करिडोर, गुठी तथा सरकारी जग्गाको लगत अद्यावधिक गरी सोको संरक्षण, सम्बर्द्धन तथा उपयोग पनि महानगरले नीति लिएको छ।

महानगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका अनधिकृत संरचना हटाई खुला क्षेत्रका रूपमा विकास गरिने अर्को नीति महानगरको छ। सफा सार्वजनिक शौचालयमा नागरिकको पहुँच वृद्धि गर्नका लागि स्वर्णिम योजनाका रूपमा सार्वजनिक शौचालयको सुविधा उपलब्ध गराउने, प्रत्येक बस स्टपलाई परम्परागत स्वरूपको फल्चामा रूपान्तरण गरिने,

महानगरका सम्पूर्ण सडकलाई आगामी तीन वर्षभित्र गुणस्तरीय पक्की सडकमा रूपान्तरण गर्न र सडकपेटीको स्तरोन्नतिका लागि धुलोरहित काठमाडौं गौरवको योजना तर्जुमा गरी सञ्चालनमा ल्याउने महानगरले नीति लिएको छ।

### काठमाडौं खुला संग्रहालय !

काठमाडौं महानगरपालिकालाई खुला संग्रहालयका रूपमा विकास गर्न महानगर गौरवको योजनाको रूपमा 'संस्कृति, सम्पदा र पर्यटन : महानगरको धन'अन्तर्गत मूर्त तथा अमूर्त सम्पदाको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका विभिन्न कार्यक्रम सञ्चालन गरिने भएको छ।




नेपाल भाषा, लिपि, साहित्य, कला, सीपको जगेर्ना गर्ने, स्थान तोकेर विभिन्न सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यका लागि स्थानीय समुदाय तथा कलाकारसँग सहकार्य गरी स्वर्णिम योजनाका रूपमा कार्यक्रम सञ्चालन गरिने नीति पनि लिइएको छ।

नीति तथा कार्यक्रममा ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्त्वका मठ, मन्दिर, बहाल, पोखरी, हिटी, चैत्य, स्तूप आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाइने उल्लेख छ।

निजी क्षेत्र, व्यवसायी र स्थानीय समुदायसँग सहकार्य गरी महानगर क्षेत्रभित्र होमस्टे सञ्चालन गर्न कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइने भएको छ।

विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि टेवा पुऱ्याइने, बौद्धनाथ र स्वयम्भूलाई महानगरपालिका मातहत सञ्चालन र व्यवस्थापन गर्नका लागि आवश्यक समन्वय र कानुनी प्रबन्ध गरिने नीति पनि महानगरले लिएको छ।

स्थानीय समुदाय तथा विज्ञको समन्वय र सहयोगमा सम्पदा क्षेत्रमा सवारीसाधनको प्रवेशलाई निषेध गरिने, सम्पदा संरक्षण र प्रवर्द्धन हुने परम्परागत शैलीका घर निर्माण गर्न घरधनीलाई प्रोत्साहित गरिने, हनुमानढोका दरबार क्षेत्रदेखि स्वयम्भूसम्मको 'हेरिटेज वाक' लाई सञ्चालन गर्नेगरी कार्यक्रम अघि बढाइने नीति तथा कार्यक्रममा भनिएको छ।

महानगरले वडा नम्बर ३२ स्थित तिनकुनेको जग्गाको मुआब्जासम्बन्धी विषयको समस्या समाधानका लागि संघीय सरकारसँग ठोस पहल गरी उक्त स्थानमा अन्तर्राष्ट्रियस्तरको पार्क निर्माण गर्ने योजनालाई निरन्तरता दिइने, सवारी साधनको प्रदूषण मापन गरी तोकिएको मापदण्डभन्दा बढी प्रदूषण निष्काशन गर्ने सवारी साधनलाई महानगर क्षेत्रमा सञ्चालन गर्न रोक लगाउन सम्बन्धित निकायसँग सहकार्य गरिने पनि नीति लिएको छ।

फोहर व्यवस्थापनमा रहेको लामो समयदेखिको अन्योललाई अन्त्य गरी आगामी आर्थिक वर्षभित्र ठोस योजनासहितको दिगो समाधानको कार्य प्राथमिकताका साथ कार्यान्वयन गर्ने पनि भएको छ।

नीति तथा कार्यक्रममा महानगरभित्रको नदीनालाको नियमित सरसफाइ गर्न नदी सरसफाइ स्वर्णिम योजनाका रूपमा सञ्चालन गरिने जनाइएको छ। यसका लागि आवश्यक उपकरण खरिद गरी संस्थागत क्षमता विकास गरिने तथा वाग्मती तथा विष्णुमती नदीमा फोहर पानी प्रशोधन केन्द्रको स्थापना गरिने पनि भएको छ।

महानगरलाई आवश्यक पर्ने सवारी साधन खरिद गर्दा विद्युतीय सवारी साधन खरिद गर्ने, सार्वजनिक स्थानमा धुम्रपान तथा सुर्तीजन्य पदार्थको प्रयोग तथा बेचबिखनलाई रोक लगाइने, मालपोत र नापीसम्बन्धी कार्यलाई महानगरपालिका मातहत सञ्चालनमा ल्याउन आवश्यक समन्वयसहित नीतिगत प्रबन्ध गरिने भएको छ।

### १६ घण्टासम्म सेवा

महानगर प्रमुख साहले अत्यावश्यक सेवा परिभाषित गरी सेवा प्रवाहलाई १६ घण्टासम्म सञ्चालन गरिने जानकारी दिएका छन्। उनका अनुसार

महानगरपालिकाअन्तर्गतका कार्यालयका सबै सेवा प्रवाह विन्दुमा 'वन स्टप सर्भिस सेन्टर' स्थापना गरी क्रमिकरूपमा सञ्चालनमा ल्याइने बताए। महानगरको निर्णय प्रक्रियालाई पारदर्शी, सहज, सूचना प्रविधिमैत्री, सेवाग्राहीमैत्री, कुशल एवं प्रभावकारी बनाइने, नीति तथा कार्यक्रममा संघ तथा प्रदेशबाट प्राप्त हुने संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम महानगरपालिकाको पूर्वसहमति एवं समन्वयबिना छनोट भएका योजना तथा कार्यक्रम कार्यान्वयन नगर्ने नीति लिएको छ।

### वर्षमा एक लाख विरुवा रोपण

काठमाडौंमा वार्षिकरूपमा एक लाख रुख बिरुवा रोपी महानगरलाई हराभरा बनाउन 'मेरो रहर, हरित सहर' गौरवको योजनाको रूपमा कार्यक्रम सञ्चालन गरिने भएको छ। चराचुरुंगीको वासस्थान सुनिश्चित गर्नका लागि महानगरभित्र रहेका सहरी जंगलको संरक्षण तथा सम्बर्द्धन गर्न आवश्यक प्रबन्ध मिलाइने नीति तथा कार्यक्रममा उल्लेख छ।

महानगर क्षेत्रभित्रको सम्भावित स्थानमा पोखरी स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने र यस विषयमा छिमेकी नगरपालिकासँग समेत समन्वय र सहकार्य गरिने कार्यक्रममा जनाइएको छ।

## 'ट्रेन्डिङ'मा...

पृष्ठ १ बाट जारी

उहाँहरूले रिट दर्ता गर्नुभएको हो,' कट्टेलले भने। उच्चले उक्त मुद्दाको पेसी आजका लागि तोकेको छ।

### शैक्षिक सल्लाहकार रेशुको राजीनामा

यसैबीच प्रमुख बालेनका शिक्षा सल्लाहकार रेशु अर्यालले पदबाट राजीनामा दिएकी छन्। बालेनबाट आफ्नो मूल्य र मान्यताको खिलाफमा गतिविधि भएको आरोप लगाउँदै अर्यालले राजीनामा दिएको जनाएकी छन्।

१० महिनाअघि प्रमुख बालेनको सल्लाहकार बनेकी अर्यालले स्वार्थ बाझिएको विषयसमेत राजीनामाको कारणमा उल्लेख गरेकी छन्। 'दुर्भाग्यपूर्ण हिसाबले पछिल्ला दिनमा उन(बालेन)का निर्देशनमा भएका निर्णय तथा अन्य गतिविधिहरू मेरो मूल्य र मान्यताभन्दा नितान्त फरक हुनु तथा म र मेरो परिवारसँग नजिक हुनेगरी स्वार्थको द्वन्द्वसमेत देखिएकाले मैले मेरो सल्लाहकार पदबाट राजीनामा दिएको हुँ,' उनले राजीनामाबारे लेखेकी छन्।

स्थानीय सरकारको कानुनी सीमाभित्र रहन, कुनै पनि घोषणा गर्नुअघि त्यस विषयमाथि विमर्श गर्न र स्वस्थ लोकतान्त्रिक अभ्यास गर्नसमेत उनले बालेनलाई सुझाएको जनाएकी छन्।

### नागरिक उड्ड्यानसँग पनि लफडा

नेपाल नागरिक उड्डयन प्राधिकरणले काठमाडौं महानगरका प्रमुख साहलाई शुक्रबारमात्र स्पष्टीकरण सोधेको छ। काठमाडौं महानगरपालिका-९ स्थित विमानस्थल क्षेत्रमा प्राधिकरणलाई कुनै जानकारी नदिई फेन्सिङ तार काटेपछि बालेनलाई स्पष्टीकरण सोधिएको हो। उनलाई सात दिनभित्र लिखित स्पष्टीकरण बुझाउन भनिए पनि बुझाइएको छैन। गत बिहीबार नगर प्रहरी उपरीक्षक राजु पाण्डेले कुनै जानकारीविना नगर प्रहरीलाई तार काट्न लगाएको प्राधिकरणको भनाइ छ। उक्त क्षेत्रमा प्राधिकरणले नक्सा पास नगरी भवन बनाएको भन्दै महानगरले ३५ दिने अल्टिमेटम दिएको थियो। सिनामंगलस्थित प्राधिकरणको निर्माणाधीन भवनको नक्सा पास नभएपछि महानगरले प्रहरी खटाएर उक्त क्षेत्रमा तार कटाएका थिए। त्यसपछि नक्सा पासको काउन्टरमा बालेनलाई प्राधिकरणले स्पष्टीकरण सोधेको हो।

## विपद्ले ६८ दिनमा...

पृष्ठ १ बाट जारी

अर्बौंको क्षति भएको छ।

पाँचथरमा मात्रै तीन जनाको मृत्यु भएको छ। तीन जना अझै बेपत्ता छन्। ताप्लेजुङमा छ जनाको मृत्यु भएको छ। संखुवासभामा २२ जना बेपत्ता छन्। घर, पुल, गोठलगायतका कयौं संरचनामा क्षति पुगेको छ।

सार्वजनिक भएका घटना विवरणअनुसार सबैभन्दा बढी पछिल्ला ६८ दिनमा आगलागीमा परी १४ जनाको मृत्यु भएको छ। हिमपहिरोबाट १२ जनाको मृत्यु हुँदा दुई जना घाइते छन्। ११ जनाको चटचाङले लागेर मृत्यु हुँदा ७६ जना घाइते छन्।

मनसुन सक्रिय भएपछिको वर्षाका कारण देशका ठाउँठाउँमा गएको ७२ वटा पहिरोमा परी नौ जनाको मृत्यु भएको छ। पाँच जना बेपत्ता छन्। १० जना घाइते छन्।

प्राधिकरणका अनुसार पहिरोबाट २४३ घर परिवार प्रभावित छन्। विपद्जन्य घटनामै पर्ने बाढीबाट सात जनाको मृत्यु हुँदा अझै २२ जना बेपत्ता छन्। उच्च उचाइ अर्थात् लेक लागेर चार जना र हुरी बतासबाट एक जनाको मृत्यु भएको प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले जानकारी दिए।

उनका अनुसार प्राधिकरणले यस वर्ष १२ लाख ५४ हजार १८१ मानिस विपद्जन्य घटनाबाट प्रभावित हुने प्रक्षेपण गरेको छ। सर्वाधिक मधेस प्रदेश र त्यसपछि कोशी प्रदेश बढी प्रभावित हुने प्रक्षेपणमा उल्लेख छ।

मनसुनजन्य विपद्बाट हुनसक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न देशको ३४ ठाउँमा स्मार्ट साइरन (ठूलो आवाजमा विपद्बारे सन्देश सम्प्रेषक यन्त्र) जडान गरिएको छ। तर, हालै मनसुनजन्य विपद्का घटना भएका पाँचथर, ताप्लेजुङ र संखुवासभामा भने जडान गरिएको छैन।

'बर्सेनिजस्तो विपद्का घटनाबाट बढी प्रभावित बाँके, बर्दियालगायत जिल्लाका नदी प्रणालीमा स्मार्ट साइरन जडान गरेका छौं। करिब चार किलोमिटर दूरीसम्म ठूलो स्वरमा विपद् घटनाबारे सूचना सम्प्रेषण हुन्छ,' उनले प्रभावसँग भने, 'तर पाँचथर, ताप्लेजुङ र संखुवासभाका नदी प्रणालीमा जडान गरेका थिएनौं। अब जोड्छौं।'

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले गरेको मौसम विश्लेषणलाई आधार मान्दा आज (बिहीबार) दिउँसो कोशी, मधेस र बागमती प्रदेशका ठाउँठाउँमा हल्कादेखि मध्यम वर्षा हुनेछ। यी प्रदेशहरूमा मेघ गर्जनसहित चटचाङ पर्ने सम्भावनासमेत रहेको छ। राति भने देशभर सामान्य बदली रहनेछ। कोशी र गण्डकीका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

महाशाखाले खोला तथा नदीहरूमा बाढी आउनसक्ने जोखिम हुनाले सतर्कता अपनाउन आग्रह गरेको छ। पछिल्ला दिन मनसुनजन्य विपद्का घटनाहरू बाढी, पहिरो, भारी वर्षाका घटना दिनहुँजसो भइरहेका छन्।

विपद् जोखिम प्राधिकरणले कोशीमा तीन लाख एक हजार १४३ जना मनसुनजन्य घटनाबाट प्रभावित हुने जनाएको छ। त्यहाँभन्दा अलि बढी मधेसमा चार लाख तीन हजार १८० जना, लुम्बिनीमा एक लाख ९९ हजार ८६२ जना, सुदूरपश्चिमा एक लाख ४७ हजार ६० जना, बागमतीमा ९६ हजार ८५८ जना, गण्डकीमा ६९ हजार ७४४ जना र कर्णालीमा ३५ हजार ३३३ जना प्रभावित हुने अनुमान गरेको छ।

मनसुनजन्यमध्येको एउटा घटना पहिरोको उच्च जोखिममा इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, ओखलढुंगा, ललितपुर, नवुाकोट, धादिङ, तनहुँ, स्याङजा, पाल्पा, गुल्मी, अर्घाखाँची, बागलुङ, प्यूठान, रोल्पा, रूकुम पश्चिम, दैलेख, अछाम र बैतडी छन्। बाढीबाट प्रभावित हुने जिल्लाहरू झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपुर, परासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपर छन्।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार ७ गते २०८०, बिहीबार

| | |
|---|---|
| मेष | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ। |
| वृष | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ। |
| मिथुन | अभिभावकको आशीर्वादले काम गर्नसक्छ। |
| कर्कट | अँटिको र ताकेको कार्य पुरा होला। |
| सिंह | आज कुनै कुराले अनुहारमा चमक आउनेछ। |
| कन्या | राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ। |
| तुला | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला। |
| वृश्चिक | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला। |
| धनु | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| मकर | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ। |
| कुम्भ | सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ। |
| मीन | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ७ गते, २०८०, २२ जुन, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.६३ | १३१.२३ |
| युरो | १ को | १४३.९८ | १४४.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६४.२५ | १६५.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.०८ | १४६.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.३२ | ८६.७२ |
| क्यानाडियन डलर | १ को | ९६.३९ | ९६.८३ |
| सिंगापुर डलर | १ को | ९७.८६ | ९८.३१ |
| जापानी येन | १० को | ९.५८ | ९.६३ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३४.८३ | ३४.९९ |
| कतारी रियाल | १ को | ३५.८३ | ३५.९९ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५७ | ३५.७४ |
| मलेसियन रिंगेट | १ को | २९.२९ | २९.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७६ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १२.७३ | १२.७९ |
| डेनिस क्रोनर | १ को | १९.३१ | १९.४० |
| हङकङ डलर | १ को | १६.६४ | १६.७२ |
| कुवेती दिनार | १ को | ४२६.२४ | ४२८.२० |
| बहराइन दिनार | १ को | ३४६.५२ | ३४८.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# काकाकुल वीरेन्द्रनगर, चुलियो खानेपानीको संकट

■ सुरेश आचार्य



**सुर्खेत-** 'इनार खन्यो पानी आउँदैन । बोरिङ खन्ने पैसा छैन । दुई सातामा एक दिनमात्रै धारामा अलिकति पानी आउँछ । खानेपानीको हाहाकार छ । अरू स्रोत छैन । असारमा झनै समस्या हुन्छ । कसरी बाँच्ने हो ?,' वीरेन्द्रनगर-१ लालीगुराँस टोलकी दिलकुमारी विक र निक्की कुमालले एकै स्वरमा आफ्ना दुखेसो पोखिन् । विक र कुमालको दैनिकी खानेपानीको लाइनमै बित्छ ।

बिहान छोराछोरीलाई स्कुल पठाएर पानी भर्न आउँदा एक गाग्री पानी भर्न दिउँसो ३ बजे पालो आउँछ । सोलिघोप्टे गैराबाट पाइपबाट ल्याएको सानो पानीमा एक गाग्री पानी भरिन आधा घण्टा लाग्छ । वीरेन्द्रनगर नगरपालिकाको झुप्रा खोलाबाट वितरण हुने खानेपानीको धारामा १० दिनसम्म पानी आउँदैन । प्रगतिशील टोल, आँपखोली टोल, लालीगुराँस टोल, एकता टोल, त्रिपुरेश्वर टोल, धारापानी टोललगायतका ठाउँमा पानीको धेरै समस्या छ ।

पानीका मुहानहरू खडेरीले सुक्दै जानु, अव्यवस्थित विकास र अन्य प्राकृतिक प्रकोपहरूका कारण पनि खानेपानीको समस्या सिर्जना भएको छ । सुर्खेत वीरेन्द्रनगर नगरपालिकाकी मनिषा थापा स्थानीय सरस्वती माविमा कक्षा ५ मा पढ्छिन् । विद्यालय समयमै पुग्न उनलाई सधैं कठिन हुन्छ । कारण, खानेपानी समस्या । बिहान ५ बजे उठेर पानी लिन धारामा जाने उनलाई हातमुख धोएर एक जर्किन पानी भरेर घर आइपुग्दा नै १० बज्छ ।

पानी अभावले सरसफाइ गर्न पनि समस्या हुन्छ । धारामा पनि विद्यालय जाने बालबालिका धेरै हुन्छन् । पालो पाउनै सधैं सबैलाई मुस्किल पर्छ । मनिषा भन्छिन्, 'कति दिन त पानी भर्ने पालो नपाएर रित्तै घर फर्केको छु । हातमुख नधोएरै स्कुल गएको छु ।' गर्मी मौसम सुरु भएसँगै धारामा साता दिनमा एकपटक पानी आउने गरेको उनको भनाइ छ । प्रगतिशील टोल, आँपखोली टोल, लालीगुराँस टोल, एकता टोल, त्रिपुरेश्वर टोल, धारापानी टोललगायतका ठाउँमा पानीको धेरै समस्या छ ।

वीरेन्द्रनगरका वडा नं १ देखि १२ सम्म खानेपानीको समस्या छ । खानेपानी सिँचाइ तथा ऊर्जा विकास निर्देशनालयका सूचना अधिकारी डोरप्रसाद उपाध्यायले वीरेन्द्रनगरको खानेपानीको समस्या समाधान भेरीको पानी पम्पिङ गरेर नल्याएसम्म समाधान गर्न सम्भव नरहेको बताए । उनले भने, 'वीरेन्द्रनगरका साथै जिल्लाका अन्य पालिकामा पनि खानेपानीको समस्या छ । समस्या समाधानका लागि स्थानीय पालिकासँग समन्वय गरेर कामहरू भइरहेका छन् ।'

भेरी पम्पिङमा काम नहुँदा बर्सेनि रकम फ्रिज भइरहेको छ । संघीय सरकारले अघिल्लो वर्ष दुई करोड रूपैयाँ र गत आर्थिक वर्ष छ करोड रूपैयाँ छुटचाएको थियो । गत वर्ष प्रदेश सरकारले छुटचाएको ५० करोड रूपैयाँ कामै नभई फिर्ता गएको थियो । गर्मी समय सुरु भएसँगै कर्णाली प्रदेशको राजधानीसमेत रहेको वीरेन्द्रनगरका नागरिकहरू अहिले खानेपानीको चरम अभावमा छन् । बजारवासीहरूले गाडीमा पिउने पानी ओसार्ने गरेका छन् ।

वीरेन्द्रनगरमा खानेपानी वितरण गर्दै आइरहेको सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाले मागअनुसार मात्रामा पानी आपूर्ति गर्न सकिरहेको छैन । वीरेन्द्रनगर-९ मा धारामा १५-१६ दिनमा एक घण्टामात्र पानी आउने गरेको छ । कहिलेकाहीँ एक गाग्री पानी भर्न नपाउँदै पानी सुक्ने गरेको स्थानीयवासी विनोद गुरुङले बताए ।

गाउँमा रहेको एउटा कुवाले एक-दुई टोललाई जेनतेन धानेको छ । वडाले खानेपानीको समस्या समाधान गर्न दुईवटा डिप बोरिङ खनेको थियो । ती बोरिङसमेत सञ्चालनमा आउन सकेका छैनन् । वडामा चुलिएको खानेपानीको समस्या समाधानका लागि पुराना कुवालाई मर्मत गर्ने, स-साना खानेपानीका मुहानको मर्मत गर्न थालिएको वडाध्यक्ष कृषि गिरीले बताए । उनले भने, 'अघिल्लो कार्यकालमा खनिएका डिप बोरिङ प्रयोगमा छैनन् । एउटा नयाँ बोरिङ सञ्चालनमा ल्याउँदै छौं ।' वीरेन्द्रनगरमा १२० घण्टामा एकपटक पानी वितरण गर्ने सुर्खेत उपत्यका खानेपानी संस्थाको तालिका छ । उपभोक्ता भने तालिकाअनुसार पानी नआएको बताउँछन् ।

### जनसंख्या वृद्धिले थप समस्या

प्रादेशिक केन्द्र बनेपछि वीरेन्द्रनगरमा दिनहुँ जनसंख्या बढ्दो क्रममा छ । अन्य जिल्लाबाट बसाइँ सरी आउने र नयाँ घर बन्ने क्रम झनै तीव्ररूपमा बढ्दो छ । सुर्खेत उपत्यका खानेपानी संस्थाका अनुसार संस्थाले २० हजारभन्दा बढी धारामा पानी दिने गरेको छ । मागअनुसार खानेपानी पुऱ्याउन नसकिएको उनले बताए । मुहानमै पानी सुक्दै गएकाले पाँच दिनमा एकपटक खानेपानी वितरण भइरहेको उनको भनाइ छ । उनी भन्छन्, 'छोटो समयमा उल्लेख्य रूपमा उपभोक्ताको संख्या बढेको छ । प्रदेशको राजधानी बनेपछि झन् जनसंख्या बढेको छ ।'

वीरेन्द्रनगर उपत्यकामा हाल खरी खोला, बोरी खोला, झुप्रा, इत्राम खोला र खोर्के खोलाबाट १५७ लिटर प्रतिसेकेन्ड पानी ल्याइएको संस्थाका प्रमुख गौतमले जानकारी दिएका छन् । यी पानीका स्रोतको पनि अपुग भएपछि पाँच दिनमा एक दिन गरेर वितरण गरिँदै आएको छ ।

सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाका अनुसार यसअघि दुई लाख जनसंख्या रहेको उपत्यकामा ३५ हजार घरधुरी थिए । उक्त जनसंख्यालाई सहज खानेपानीको आपूर्ति गर्न करिब २७८ लिटर प्रतिसेकेन्ड आवश्यक पर्दथ्यो । संस्थाका अनुसार हाल प्रयोगमा ल्याइएका स्रोतहरूबाट १२८ लिटर प्रतिसेकेन्ड पानीमात्र उपलब्ध हुने भएकाले पानीको अभाव भएको हो । हालसम्म २० हजार घरधुरीमा मात्रै खानेपानीको धारा जडान भएकामा यस वर्ष थप घरधुरीमा खानेपानीको लाइन वितरणपछि अझ पानी अभाव हुने देखिन्छ । अहिले प्रयोग भइरहेको पानी आवश्यक भन्दा ५४ प्रतिशतले कम हो ।

### विकल्प खोज्दै भेरी नदीतिर

वीरेन्द्रनगरमा खानेपानीको समस्या समाधान गर्नका लागि विकल्पको खोजी गरिएको छ । दीर्घकालीनरूपमा समस्या समाधान गर्न भेरी नदीको पानी पम्पिङ गरी ल्याउन विश्व बैंक, नेपाल सरकार र नगरपालिकाबीच भएको त्रिपक्षीय सम्झौताअनुसार यही असारसम्म बोलपत्र आह्वान गरिने नगरपालिकाले जनाएको छ । आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) सम्पन्न भइसकेको छ । दुई चरणमा सम्पन्न हुने आयोजनाका लागि पहिलो चरणअन्तर्गत रु चार अर्ब ६५ करोड ३० लाख ६६ हजार बराबरको बजेट सुनिश्चित भइसकेको छ ।

आयोजना सुरु भएपछि भेरी नदीको पानी पम्पिङ गरी वितरण गरिने छ । यसले उपत्यकाको खानेपानी अभाव समाधान हुने अपेक्षा गरिएको छ । बर्सेनि भइरहने खानेपानी समस्यालाई समाधान गर्न भेरीको पानी ल्याउने सुरु भइसकेको खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाका उप-निर्देशक मधुसूधन खनालले बताए ।

वि.सं. २०७७ देखि आयोजनाका लागि बजेट विनियोजन हुँदै आएको हो । तीन दशकपछिको जनसंख्यालाई मध्यनजर गरी वीरेन्द्रनगर उपत्यकाको खानेपानी समस्या समाधान गर्न 'भेरी पम्पिङ' आयोजना अघि बढाइएको छ । छ वर्षमा सम्पन्न गर्ने लक्ष्य रहेको आयोजनाको पानी प्रशोधन केन्द्र लेकबेँसी नगरपालिकाको वन क्षेत्रमा राखिने जनाइएको छ ।

वीरेन्द्रनगर नगरपालिकाका नगरप्रमुख मोहनमाया ढकालका अनुसार खानेपानी सम्बन्धमा नगरपालिकाले ऐन मस्यौदा गरेको छ । आयोजना अगाडि बढाउन असार १० गतेभित्र खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना कार्यान्वयन ऐन २०८० स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्नेछ भने जग्गा प्राप्तिका लागि पनि सार्वजनिक सूचना प्रकाशन गरिसक्नुपर्नेछ ।

आयोजनाको पहिलो चरणमा नदीबाट पानी पम्पिङ गर्ने, टचांकी बनाउनेदेखि पानी वितरणसम्मको काम हुनेछ । आयोजनाले भेरी नदीमा तयार गरिने इन्टेकबाट सात किलोमिटर दूरीमा पम्पिङ गरी वीरेन्द्रनगर नगरपालिका-११, अमृत डाँडामा पानी ल्याउने छ । पहिलो चरणमा भेरी नदीमा इन्टेक निर्माण, पानी प्रशोधन प्रणाली, भण्डारण टचांकी निर्माण र अमृत डाँडादेखि वीरेन्द्रनगरसम्मको मुख्य पानी प्रसारण लाइन विस्तार गर्ने लक्ष्य छ ।

दोस्रो चरणमा उपत्यकामा पर्ने रत्न राजमार्ग र सुर्खेत-जुम्ला सडकको दुवैतर्फ प्रसारण लाइन विस्तार गरिनेछ । भेरीको पानी चार सय मिटर उचाइमा प्रशोधन टचांकी (ट्रिटमेन्ट प्लान्ट) मा खसालिने छ । करिब सात किलोमिटर लामो पाइपका माध्यमबाट अमृत डाँडामा निर्माण गरिने भण्डारण टचांकीमा पानी खसालिने र ५५० मिलिमिटर क्षमताको पाइप अमृत डाँडामा राखेर मुख्य टचांकीसम्म ल्याइने बताइएको छ । अमृत डाँडामा रहने टचांकी १२ हजार घनमिटरको हुनेछ । आयोजनाबाट वीरेन्द्रनगरको पाँच लाख जनसंख्या लाभान्वित हुनेछन् । *रासस*

---

उपप्रधानमन्त्री श्रेष्ठले भने

# 'प्रभावित क्षेत्रमा प्राथमिकताका आधारमा काम हुँदै छ'



**काठमाडौं (प्रस)-** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मनसुनजन्य विपद्बाट पूर्वी पहाडका ताप्लेजुङ, पाँचथर र संखुवासभालगायत जिल्लामा भएको क्षतिको अवस्था, तत्काल गर्नुपर्ने काम तथा सरकारका प्राथमिकताबारे सरोकारवालासँग छलफल गरेका छन् ।

उनले खोज तथा उद्धारको निरन्तरता, जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थलमा स्थानान्तरण, घाइतेको उपचार, अभाव भएका स्थानमा खाद्यान्नको ढुवानी, खानेपानी तथा विद्युत् आपूर्ति एवं आवागमन पुनःस्थापनालाई क्रमशः प्राथमिकताका आधारमा थालिसकेको जानकारी दिए ।

नेपालमा मनसुन भित्रिएको दिन २०८० जेठ ३१ गतेदेखि परेको भारी वर्षाबाट बुधबार अपराह्नसम्म पूर्वी पहाडका तीन जिल्लासहित भोजपुर, तनहुँ, नुवाकोट र गोरखामा गरी १३ जनाको मृत्यु भइसकेको छ भने २६ जना बेपत्ता छन् । आठ जना घाइतेको उपचार भइरहेको छ । ४१ वटा घर पूर्णरूपमा र सातवटा आंशिकरूपमा क्षतिग्रस्त भएका छन् ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले बाढीपहिरोबाट सडक र पुलमामात्रै ४० करोड रूपैयाँको हाराहारीमा क्षति भएको जानकारी दिए । उनले मेची राजमार्ग सञ्चालन गराउन हेवाखोलामा १० दिनजतिमा बेलीब्रिज राख्नसकिने अनुमान गरिएको बताए ।

छलफलमा ताप्लेजुङबाट प्रतिनिसभामा प्रतिनिधित्व गर्ने सांसद योगेश भट्टराई, संखुवासभाबाट प्रतिनिसभामा प्रतिनिधित्व गर्ने सांसद दीपक खड्का, पाँचथरबाट प्रतिनिसभामा प्रतिनिधित्व गर्ने सांसद वसन्त नेम्वाङ, प्रतिनिधिसभा सदस्य लिलादेवी वोखिम (लिम्बू)ले आ-आफ्ना जिल्लामा तत्काल गर्नुपर्ने कामहरूका बारेमा उल्लेख गरे ।

---

## सांसदलाई...

पृष्ठ १ बाट जारी

सडक कालोपत्रे गर्नेलगायत काम चालु आर्थिक वर्षका प्रगति हुन् ।

आउँदो आर्थिक वर्षमा महानगरको नीतिमा एक वडा एक पार्क र एक खेल मैदान, सफा, स्वच्छ, सुन्दर, धुलोरहित महानगर, सुलभ फार्मेसी, स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना र सञ्चालनलगायत विषय छन् । कम्तीमा पाँच हजार नयाँ रोजगारी सिर्जना, अर्गानिक खाद्य तथा तरकारीमा आत्मनिर्भर बनाउन सहयोग, सबै सडक कालोपत्रे गर्ने, खाल्टाखुल्टीरहित बनाउने, कम्तीमा एक लाख बिरुवा रोप्ने कार्यक्रम नीतिमा समेटिएका छन् ।

नीति तथा कार्यक्रममा 'गरिखाने शिक्षा, महानगरको इच्छा,' 'एक विद्यालय एक नर्स,' 'एक विद्यालय एक सामाजिक सहजकर्ता,' 'सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा,' 'सुलभ फार्मेसी,' 'धुलोरहित काठमाडौं,' 'सुन्दर महानगर,' 'उज्यालो सहर, मेरो महानगर' जस्ता नारा समेटिएका छन् ।

यस्तै 'संस्कृति, सम्पदा र पर्यटन, महानगरको धन,' 'न्याय चौतारी,' 'एग्रोपुलिङ,' 'साथी महानगर,' 'एक टोल, एक खेलकुद पूर्वाधार,' 'डुबान समाधान,' 'सुशासनका लागि अनलाइन सेवा,' 'महानगरले देख्छ,' 'मेरो रहर, हरित सहर,' 'मिसन २१००' जस्ता आकर्षक योजनाहरू समेटिएका छन् ।

### विमानस्थलमा नेपाल भाषा

महानगर प्रमुख साहले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल भाषा प्रवाहको प्रबन्ध गर्ने भएका छन् । बुधबार महानगरको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै साहले भने, 'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने हवाई जहाजमा यात्रुको सुविधाका लागि स्थानीय नेपाल भाषामा प्रवाह गर्न प्रबन्ध गरिनेछ ।'

काठमाडौंमा अवतरण हुने विमानमा अंग्रेजी र नेपाली भाषामा सूचना प्रवाह हुँदै आएकोमा नेबारीमा पनि गर्न लागिएको महानगरले जनाएको छ ।


**भुम्लु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सल्ले भुम्लु, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति : २०८०/०२/०७)**

भुम्लु गाउँपालिका भएर बग्ने सुनकोशी नदी किनारमा रहेको क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना ।

बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः सल्ले, काभ्रेपलाञ्चोक<br>फोन नं.: ९८५१२१९६५३<br>ईमेलः cad.bhumlumun@gmail.com |
| प्रस्तावको व्यहोरा | भुम्लु गाउँपालिका भएर बग्ने सुनकोशी नदीमा किनारमा रहेको क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन कार्य प्रस्तावित बगर : १) पशुपति बगर २) आँपघाट बगर |
| प्रभाव पर्न सक्ने जिल्ला / गा. पा. / वडा | बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, भुम्लु गाउँपालिका वडा नं. ६ र १० |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको गाउँपालिका कार्यालय, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः सल्ले, काभ्रेपलाञ्चोक<br>फोन नं.: ९८५१२१९६५३<br>ईमेलः cad.bhumlumun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | नामः सेन्टर फर क्लाइमेट एण्ड इन्भाईरोन्मेन्ट रिसर्च<br>ठेगानाः ज्वागल, ललितपुर<br>ईमेलः ccer2072@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नियमित उडान कहिले ?

**देशकै तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा पोखरा विमानस्थल गत पुस १७ गतेबाट सञ्चालनमा आयो । पोखराबासीको पाँच वर्षदेखिको सपना पूरा भएको भनिए पनि अन्तर्राष्ट्रिय उडान भने त्यतिबेला अनिश्चित नै रह्यो । सञ्चालनमा आएको केही दिनमै माघ १ गते यती एयरको जहाज विमानस्थलमा अवतरण गर्नै लाग्दा सेती खोंचमा खस्यो । चालक दलसहित ७२ जना सवार विमान दुर्घटना भएसँगै विमानस्थलको बनावटमाथि प्रश्न उठेको थियो । कुनै पनि घटना हुनेबित्तिकै तुरुन्तै भावनामा बग्न ढिला नगर्ने र ती विषयलाई क्षणभरमै बिर्सने नेपालीको बानी नै हो । अहिले धेरैले यती विमान दुर्घटनाको विषयलाई चटक्कै बिर्सिसकेका छन् ।**

**बस दुर्घटना भयो भन्दैमा उक्त सडकबाट सवारीसाधन नै सञ्चालन गर्न हुन्न भन्ने हैन । त्यस्तै विमानस्थलमा विमान दुर्घटना भयो भन्दैमा जहाज उडाउनै हुन्न भन्ने पनि हैन । तर, कम्तीमा सुरक्षाको पूर्वतयारीका विषयमा भने सोच्नैपर्ने हुन्छ । यस्तै अन्योलताका बीचमा उद्घाटनको करिब छ महिनापछि बुधबार चीनको छेन्दुबाट सिचुआन एयरलाइन्सको विमान पोखरामा अवतरण भएको छ । अन्तर्राष्ट्रिय नाम दिएको छ महिनापछि बल्ल अन्तर्राष्ट्रिय उडान आइपुग्दा 'वाटर क्यानन सल्युट'समेत गरियो । यस्तो सल्युट पुस १७ गते पनि गरियो । अचम्म लाग्दो कुरा त के रह्यो भने वैशाख ११ गते दुबईका लागि उडेको फ्लाइ दुबईमा समस्या देखिएपछि भारतको लखनउतिर डाइभर्ट भयो विमान । त्रिभुवन विमानस्थलमा ट्राफिक जामको विकल्प नेपालमै पोखरा र भैरहवामा रहेको गौतमबुद्ध गरी दुई अन्तर्राष्ट्रिय विमानस्थल हो ।**

**तर, दुबै विमानस्थललाई फ्लाई दुबईले पत्याएन । पोखराको के कुरा गर्नु, जजिरा एयरले नियमित उडान थाल्ने भनिएको भैरहवा विमानस्थलमा अन्तर्राष्ट्रिय उडान हुन छाडेपछि जेठ ३० गते मलेसियाबाट नेपाल एयरलायन्सकै उडान त्यहाँ अवतरण भयो । पोखरामा पहिलो अन्तर्राष्ट्रिय उडानका रूपमा ८४ जना यात्रु बोकेर आएको सिचुवान एयरमा पनि चीन घुम्न गएका अधिकांश नेपालीहरू नै थिए । तामझाम जति नै भए पनि पहिलो विषय हो, उड्डयन सुरक्षा । त्यसपछि नियमित उडानका लागि यात्रु । नेपाली आकाशलाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन(आइकाओ) अझै असुरक्षित नै मान्छ ।**

**अर्को विषय भनेको पर्यटन क्षेत्रको अपडेट । पुरानै संरचनामा पर्यटक आउँदैनन् भन्नेसम्मको जानकारी सत्ताको नेतृत्वलाई थाहा छैन । धार्मिक यात्रुको भरले पर्यटन चल्दैन । पर्यटन आउजाउ नभए जहाज उड्दैन । अर्बौं ऋण गरी निर्माण गरिएका अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनमा ल्याउन नसक्नु सरकारको कमजोरी हो । पोखरा र भैरहवा दुवैमा व्यावसायिक उडान सञ्चालनका लागि तत्काल पहल गर्नु सरकारको दायित्व हो ।**

## मननयोग्य

### चाणक्य नीति

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।'

'म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु, राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ ।' 'हेर राजाले सर्पसँग खेल्नुपर्छ । राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछिमात्र कीर्ति पाउँछ । जो राजर्षि बनी देशको सेवा गर्छ गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ । राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ । आज राति तिमी सुत्नेछैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ ।'

एउटा अर्को कुरामा अरु ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु । राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो । जुन शासकले विषपान गरी अमृत ओकल्दछ( छाड्दछ) त्यही राजाले राज्यको सञ्चालन राम्ररी गर्न सक्छ ।

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो । यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो । चाणक्य सतर्क भए । विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिसको रहेछ सोधे । प्रहरीले कुनै सिकारी आफ्नो नाउँ वनराज भन्ने बताउँछ भन्यो । पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए । आउने व्यक्ति चाणक्यद्वारा प्रमुख गुप्तचर त्रिनेत्र थिए । *क्रमशः*

# रेशम र नागरिकता विधेयकविरुद्ध नश्लीय पराकाष्ठा



**उपेन्द्र झा**

मधेसलाई लक्षित गरेर रोकिने नागरिकताबाट पहाड नै सबैभन्दा बढी पीडित देखिएका छन् । एक लाख ९० हजार ७२६ बाट मधेसको नागरिकता झिकिदिने हो भने पहाडका एक लाख १६ हजार ७७७ जना जन्मसिद्धका सन्तान नागरिकताबाट वञ्चित रहेको देखिन्छ । तर नागरिकताको लक्षितचाहिँ मधेस नै हो । समथर क्षेत्रको जनसंख्या पहाडभन्दा बढी हुन गएको भयले ग्रसित खस शासकहरु बढी चिन्तित देखिन्छन् । अल्पसंख्यामा परेर राज्यसत्ता खोसिने भयले पीडित खस शासकहरूले संविधान मिचेर भए पनि मधेसलाई नियन्त्रणमा राख्न खोजेको हुन् ।

नागरिकता विधेयक पास हुनु भनेको लाखौं लाख भारतीयले नागरिकता पाउनु हो र एक न एक दिन हामी हाम्रै देशमा अल्पमतमा पर्छौं भन्ने खस शासकवर्गको आममान्यता रहेको कारणले नागरिकता विधेयक नाटकीय ढंगले पास गरेर सर्वोच्च अदालतबाट पुनःरोकिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणको अवसर पारेर हतारहतारमा नागरिकता विधेयक दुवै सदनबाट पास भएर प्रमाणीकरणका लागि राष्ट्रपति कहाँ पठाएर पास गरिएको हो ।

प्रधानमन्त्री दाहाल भारत भ्रमणमा गएको मौका पारी सभामुख अग्निप्रसाद सापकोटा र अर्कोतर्फ राष्ट्रपति विद्यादेवी भण्डारीको प्रिन्टेड पुरानो प्रमाणीकरण फाराम प्रयोग गरी तल हातले 'रामचन्द्र पौडेल, राष्ट्रपति' लेखेर सही गरी हतारमा प्रमाणीकरण गरिएको देखिन्छ । हुनत खस शासकवर्गको बदनियतीले यसलाई प्रक्रियागत त्रुटि भनेर अदालत पुगेका छन् ।

यो नागरिकता जन्मसिद्धको सन्तान जो नागरिकताविना केही गर्न नसकेर वर्षौदेखि अपांग भएर बसेका छन्, मृततुल्य जीवन लिएर बाँचिरहेका छन्, तिनका लागि नागरिकता दिने कानुन बन्न लागेको हो । जन्मसिद्धको सन्तानलाई कानुनतः दिनैपर्ने नागरिकतालाई खस शासकवर्गले राजनीति गर्ने मुख्य एजेण्डा बनाएको छ । नागरिकता कानुनप्रति खस शासकवर्ग कति जिम्मेवार छ भने नागरिकताबाट कोही नेपाली वञ्चित हुन नपरोस् भनेर बिहान बेलुका स्तुतिगानमा लागिरहन्छ । यो त मुखमा राम, बगलीमा छुरा राख्ने काम भयो ।

बरु नागरिकतासम्बन्धमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीको स्पष्ट धारणा के छ भने जन्मसिद्धको सन्तानलाई नागरिकता दिनैहुन्न । नेपालमा यसै पनि एक करोड भारतीयले नेपाली नागरिकता लिइसकेका छन् । नेपाललाई सिक्किमीकरण गर्ने भारतको चालमा हाम्रो सरकार मतियार बनेका छन् । यसलाई जसरी पनि रोक्नुपर्छ । कोही बोलेर र कोही मौन भएर नागरिकता विधेयकको विरोधमा लागेका छन् ।

सार्वजनिकरूपमा नागरिकताको पक्षमा प्रतिपक्षमा भएका एमाले अध्यक्ष केपी शर्मा ओली पनि बडो मार्मिक ढंगले बोलेका छन्- हाम्रो सरकार भयो भने १५ दिनभित्र सरोकारवालालाई नागरिकता उपलब्ध गराउँछौं । नागरिकताको नाममा सरकार हत्याउने इच्छा राख्ने ओलीको दुई तिहाइ सरकारले एउटा माखो मार्न सकेन, उल्टै नागरिकता विधेयकलाई संविधान उल्लंघन गरेर भए पनि तुहाएको प्रमाण त जनमानसमा ताजै छ ।

राणा शासनकालमा 'मुखे कानुन' भन्ने चलन व्यापकरूपमा थियो । त्यो चलन कुनै न कुनै रूपमा अहिले पनि विद्यमान छ । कार्यपालिका र व्यवस्थापिकालाई निष्क्रिय बनाएर राख्ने न्यायपालिकाको अभ्यास केही वर्षयता निकै सक्रिय रहेको देखिन्छ । जनसरोकारसँग जोडिएको नागरिकतालाई सर्वोच्चले पनि बक्र दृष्टि राखेर हेर्ने गरेको कतिपय उदाहरणहरू देख्न सकिन्छ । तीनवटै शीर्ष पार्टीको बदनियतको सिकार निरीह नागरिकता विधेयक फेरि पनि रोकिँदा भेदभावको ठूलो उदाहरण जनसमक्ष आएको छ ।

नेपालको ४९ वटा जिल्लामा बाँडिएको जन्मसिद्धको नागरिकता जम्मा एक लाख ९० हजार ७२६ हो । जसमध्ये सप्तरीमा पाँच हजार ७९४, सिरहामा पाँच हजार ३४६, धनुषामा १३ हजार ८०१, महोत्तरी छ हजार ५९८, सर्लाही ११ हजार ८९७, रौतहट चार हजार ३५२, बारा ११ हजार १४४, पर्सा १५ हजार १७ गरी आठ जिल्लामा ७३ हजार ९४९ जनालाई जन्मसिद्धको नागरिकता दिइएको हो । जबकि, झापामा २६ हजार ४३०, मोरङमा २२ हजार ७४३ र सुनसरीमा २१ हजार ५६७ गरी तीन जिल्लामा ७० हजार ७४० जना जन्मसिद्धले नागरिकता लिएका छन् ।

मधेसलाई लक्षित गरेर रोकिने नागरिकताबाट पहाड नै सबैभन्दा बढी पीडित देखिएका छन् । एक लाख ९० हजार ७२६ बाट मधेसको नागरिकता झिकिदिने हो भने पहाडका एक लाख १६ हजार ७७७ जना जन्मसिद्धका सन्तान नागरिकताबाट वञ्चित रहेको देखिन्छ । तर नागरिकताको लक्षितचाहिँ मधेस नै हो ।

समथर क्षेत्रको जनसंख्या पहाडभन्दा बढी हुन गएको भयले ग्रसित खस शासकहरू बढी चिन्तित देखिन्छन् । अल्पसंख्यामा परेर राज्यसत्ता खोसिने भयले पीडित खस शासकहरूले संविधान मिचेर भए पनि मधेसलाई नियन्त्रणमा राख्न खोजेको हुन् । मधेसको जनसंख्या बढ्दै जानु स्वाभाविक प्रक्रिया हो । यसलाई कसैले रोक्न सक्दैन । मधेसको जनसंख्या बढ्नु भारतीयले नागरिकता लिएको मान्यता राख्ने खस बुद्धिजीविको बौद्धिक दिवालियापनको कुनै इलाज छैन ।

मधेस र थारु आन्दोलनबाट चिढिएका तीनवटै शीर्ष पार्टीका भेदभावपूर्ण व्यवहार यथावत् रहेको कुरा प्रस्ट देखिन्छ । आममाफीमा जेलमुक्त भएका रेशम चौधरी लाल आयोगको प्रतिवेदनबाट निर्दोष रहेको र स्थलगतरूपमा उनी अनुपस्थित रहेको लाखौंको भनाइलाई बेवास्ता गरी जेलमै राख्ने खस शासकवर्गको कुत्सित मनसाय बुझिनसक्नु छ । शासन चलाउन पल्केको न्यायालय रिटको प्रतीक्षामा छ । रिट गर्न ट्रेडमार्क लिएकाहरू सर्वोच्चको प्रांगणमा छ्यापछ्याप्ती पाइन्छ । रेशम चौधरीको विरोधमा रिट नपर्ने पनि होइन । घाटघाटमा शासकवर्गका विनाबर्दीका सेनाहरूको शिकञ्जाबाट खासगरी शासकलाई चुनौती दिने समुदाय त बच्नै सक्दैन । शिकञ्जाबाट उम्किनेहरू निगाह बक्सका कारण मुक्त भएको मान्न सकिन्छ ।


प्रणाली नै बनाएर तीन दशकदेखि भ्रष्टाचार गर्ने तीनै दलका शीर्ष नेताहरू अहिले नक्कली भुटानी प्रकरणमा मुछिएर गिरफ्तार भएको नेपालमा अनौठो घटना घटेको हो । २१ जनालाई जिउँदै इँटाभट्टामा हालेर मारिदिने जघन्य अपराधि आफताव आलमलाई जेलमुक्त गराउने नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सार्वजनिकरूपमै अभिव्यक्ति दिएर आफ्नो नैतिकताको ठूलो उदाहरण दिएका छन् । आज उनकै श्रीमती नक्कली भुटानी प्रकरणमा मुछिएका छन् । पूर्वगृहमन्त्री बालकृष्ण खाण पक्राउ पर्दा देउवाले उनको रक्षा गर्न नसक्दा खाण आफ्नो प्रतिष्ठा धुरसित भएको झोंकमा आरजु देउवालाई आफैंले हिस्सा दिएको पोलेका छन् । आरजुले थुनामा रहेको सचिव टेकनारायणलाई कसैलाई नपोल्न आग्रह गरेकी छन् । समय अलिकति सहज भयो भने म तपाईंहरूलाई निकाल्छु भनेर आश्वासन बाँडेर आएकी छन् अरे ।

माओवादीका शीर्ष नेता एमाले छिरेर सचिव बनेका टोपबहादुर रायमाझी र उसको छोरा सन्दीप रायमाझीको नाम नक्कली भुटानी प्रकरणमा मुछिएपछि ओलीले पनि बचाउन नसकी उनी गिरफ्तार भए । माओवादीबाट एमालेमा गएका पूर्वगृहमन्त्री रामबहादुर थापा र उसको छोरा प्रतीक थापासमेत नक्कली भुटानी प्रकरणमा मुछिए पनि पक्राउ गरिएन । यस्ता घटनाहरूलाई ढाकछोप गर्न नसकेका यी ठूला नेता कहलिने पात्रहरू निस्तेज हुनुको कारण के हो ? कुन शक्तिले यिनलाई शक्तिहीन बनाएका हुन् । जसले पनि यो अनुसन्धानमा आफ्नो ताकत प्रयोग गरेको छ, प्रशंसाको पात्र हो । संस्थागत भ्रष्टाचार गर्नेहरूले बनाएको भ्रष्टाचार प्रणालीमाथि पहिलोपटक संस्था नै भत्किने बज्र प्रहार भएको छ । अन्याय, अत्याचारविरुद्ध किला नै उखेल्ने अनुसन्धान अगाडि बढेको छ । देश र जनताको पक्षमा निसाफ हुन जरुरी छ ।

आफ्ना कुकृत्य उजागर हुँदा पनि कुनै लाज नमानी नागरिकता विधेयक तथा रेशम चौधरीको पछाडि लागिपर्ने यो नश्लीय विभेदको पराकाष्ठा होइन ? के यी शासकहरू देशको अखण्डता, राष्ट्रिय हितका बारेमा संवेदनशील छन् ? यिनलाई राष्ट्रघाती भन्न जनताले बिलकुल लाज मान्नु हुँदैन ।

***(मधेस दर्पण फिचर सेवा)***

# स्थानीय तहले सम्बोधन गर्नुपर्ने शिक्षासम्बन्धी मागहरू



**गणेश केसी**

आर्थिक वर्ष २०८०/८१ का लागि संघ र प्रदेश सरकारले बजेट वक्तव्य प्रस्तुत गरिसकेका छन् । अहिले स्थानीय तहहरू नीति तथा कार्यक्रम र बजेटको तयारीमा जुटेका छन् । बजेट तयारीका लागि सरोकारवालासँग अन्तरक्रिया, गोष्ठी, सल्लाह एवं सुझाव लिने क्रम जारी नै छ ।

यसै सन्दर्भमा शिक्षा क्षेत्रको केही गुणात्मक सुधारका लागि हामीले सकारात्मक चिन्तन मनन गर्नुपर्ने समय रहेको छ । कतिपय स्थानहरूमा शिक्षा भौतिक तथा शैक्षिक गुणात्मक रूपमा नमूना भएता पनि अधिकांश भूगोलमा अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकिएको विद्यमान अवस्था छ ।

एउटा भनाइ छ- क्षणिक योजनाका लागि खेतीपाती गरौं, मध्यकालीन योजनाका लागि रुख रोपौं, दीर्घकालीन योजनाका लागि शिक्षामा लगानी गरौं । त्यसैले राजनीतिक नेतृत्वको सोच पनि परिवर्तन हुन जरुरी छ । वर्तमान परिवेशमा कतै एकहोरो भौतिक संरचनामात्र विकास ठानेको हो कि, त्यसैमा लगानी गर्ने तर सामान्य प्रक्रियामात्र पुऱ्याउने अनि बजेटको सदुपयोग नभई उपलब्धि न्यून रहेको अवस्था छ ।

विकास त सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षको पनि हुने हुँदा स्थानीय सरकार तथा राजनीतिक नेतृत्वले पनि अब चौतर्फी सोच राख्न आवश्यक छ । त्यसैले शिक्षा क्षेत्रमा पनि पर्याप्त बजेटको व्यवस्था गरी प्रस्तुत माग बुँदाहरूको उचित सम्बोधन गर्न बजेट विनियोजन होस् भनी स्थानीय सरकार एवं नेतृत्वप्रति मेरो सल्लाह, सुझाव व्यक्त गर्दछु ।

**स्थानीय तहहरूसाग शिक्षासम्बन्धी मागहरूः**

१) शैक्षिक गुणस्तरका लागि हाल देशको शिक्षा नीति र अधिकांश स्थानीय पालिकाहरूले लागू गरिरहेको अवस्थामा यस पालिकामा पनि खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापकको पुनः छनोट गरी आधारभूत (१-५) मा दुई हजार रूपैयाँ, आधारभूत (६-८) मा तीन हजार रूपैयाँ र माध्यमिक तहमा पाँच हजार रूपैयाँ प्र.अ. भत्ता आर्थिक वर्षबाट सुनिश्चित गरौं,

२) बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको न्यूनतम तलब स्केल १५ हजार रूपैयाँ हुने व्यवस्था २०७८/७९ को बजेट वक्तव्यमा थियो । आ.व. २०७९/८० मा १५ प्रतिशत तलब वृद्धिको सट्टा एकमुष्ट दुई हजार रूपैयाँ थपेको थियो । शिक्षा मन्त्रालयको मिति २०८०/०३/०५ गतेको सूचनाअनुसार अब बालविकासमा संघबाट १० हजार रूपैयाँ सुनिश्चित भएकोले अब अपुग रकम पाँच हजार रूपैयाँ सुनिश्चित गरौं,

३) शिक्षा मन्त्रालयले माध्यमिक तह स्थायी शिक्षक वा शिक्षा सेवाको अधिकृतस्तरको कर्मचारीको रूपमा कम्तीमा १० वर्ष अनुभव भएको व्यक्तिलाई स्थानीय स्रोतविज्ञ नियुक्ति गर्ने र विद्यालय सुपरीवेक्षणको काम लगाउने गरी निर्देशिका २०८० जारी भइसकेकाले यस विपरीतका शिक्षा शाखामा हाल रहेका व्यक्तिको काज फिर्ता गरी राज्यको नीति निर्देशिकाअनुसार नियुक्ति गरौं,

४) विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्वि गर्न भौतिक संरचनामात्र हाल पालिकाहरूको ध्यान रहेको जस्तो देखिएकाले अब कार्यालय व्यवस्थापन, सूचना प्रविधिमा पहुँज विस्तार, अतिरिक्त क्रियाकलाप सामग्री खरिद र प्रयोग, शैक्षिक सामग्री निर्माण, खरिद र पूर्णप्रयोग तथा छिमेकी विद्यालयहरूबीच विभिन्न विधामा प्रतिस्पर्धा गर्ने वातावरण सिर्जना गरौं,

५) शिक्षा क्षेत्रमा रहेका केही समस्याहरूलाई निराकरण गर्न पाठ्यक्रम प्रवोधीकरण, शिक्षण क्रियाकलाप/विधि, मूल्यांकन गर्ने हालको व्यवस्था सम्बन्धमा गोष्ठी तालिमका लागि आवश्यक बजेटको व्यवस्था गरी सञ्चालन गरौं,

६) अनुदान, राहत, करार, विद्यालय कर्मचारी, बालविकास शिक्षक, कार्यालय सहयोगीका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषको स्थापना गरी ५० प्रतिशत सम्बन्धित व्यक्ति र ५० प्रतिशत स्थानीय बजेटबाट व्यवस्था गरियोस्,

७) प्रायः पालिकाको टड्कारो समस्याको रूपमा शिक्षक विद्यार्थीको अनियमिता, अभिभावकको न्यून लगानी र चासो, पालिका शिक्षा शाखाको अव्यवस्थित शैक्षिक योजनाजस्ता रहेकोले समाधानका लागि विभिन्न विकल्पसहित रचनात्मक निर्णायक प्रयत्न गरौं ।

अन्त्यमा, शिक्षा क्षेत्र हराभरा भएमात्र दक्ष जनशक्ति, सभ्य समाज, समृद्व देश बन्नसक्छ । व्यवस्थित शिक्षाविना हाम्रो असल जीवनशैली, समाज र देश परिवर्तनको परिकल्पना गर्न सकिँदैन । शिक्षा मेरुदण्ड हो, त्यसैले स्थानीय पालिकाहरूबाट बजेट/लगानी बढाउँ, व्यवस्थित रूपमा शिक्षामा कार्यसम्पादन गरौं भन्ने सुझाव प्रस्तुत गर्दछु ।

***(आठविसकोट-९, रुकुम पश्चिमका केसी जुनिचाँदे गाउँपालिका-४, जाजरकोटस्थित श्री आदर्श माविका शिक्षक छन्)***

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# जोगाउनै गाह्रो भयो बुद्धकालीन कालानमक धान

■ रामविकास चौधरी

**लुम्बिनी–** अमरनाथ कुर्मीको घरमा यो वर्ष कालानमक चामलको भात पाकेको छैन । पाकोस् पनि कसरी ? मर्चवारी-६ स्थित उनको खेतमा अघिल्लो वर्षदेखि कालानमक रोपिएकै छैन । उनले भने, 'कुनै समय साँझ-बिहान कालानमक चामलको भात खाने हाम्रा लागि अब त त्यो चामल विरानो बन्न थाल्यो ।'

सम्मरीमाई-७ बेतकुइयाँका मनमोहन कुर्मी दुई वर्षअघिसम्म एक बिघा खेतमा कालानमक धान रोप्थे । राम्रो पैदावार हुने उन्नत जातका अन्य बीउ भित्रिएसँगै ढिलो पाक्ने कालानमकमा रोगकीरोको प्रकोप बढी देखापर्न थालेपछि त्यसलाई विस्थापित गर्दै उनले अन्य जातका हाइब्रिड धान रोप्न थाले ।

'दुःख पनि धेरै, उत्पादन पनि कम हुने, त्यसमाथि रोगको प्रकोप पनि देखिन थाल्यो,' अगुवा कृषक अशोक त्रिपाठीले भने, 'सभ्यतासँग जोडिएको कालानमक, कनकजिरा, बासमती र गौरियालगायतका रैथानेबाली जोगाउनै गाह्रो भयो, त्यसैले छोटो समयमा पाक्ने र धेरै उब्जनी दिने उन्नत जातका धान लगाइरहेका छौं ।' कालानमक चामल मानव स्वास्थ्यका लागि उत्तम आहार मानिन्छ । यसलाई भगवान् बुद्धको भोजनका रूपमा प्रयोग भएको मान्यता रहेको उनले बताए ।

पछिल्लो समयमा लगानीअनुसारको प्रतिफल नपाएपछि किसानले कालानमक रोप्न छाड्दै गर्दा यसको बीउसमेत लोप हुने अवस्थामा पुगेको छ। बौद्धकालीन संस्कृतिसँग जोडिएको कालानमक लोप हुन लागेको भन्दै लुम्बिनी सांस्कृतिक नगरपालिकाका पूर्वप्रमुख मनमोहन चौधरीले चिन्ता व्यक्त गरे । 'हाइब्रिड चामलले पेट त भरिन्छ , तर स्वाद हुँदैन,' उनले भने, 'खेतहरू हाइब्रिड धानले भरिन थाले, कालानमक खान पनि चाँडपर्व कुर्नुपर्ने भयो ।'

यसको उत्पादकत्व कम तर बजारमूल्य बढी छ । अन्य धान प्रतिहेक्टर चार मेट्रिक टन उत्पादन हुँदा कालानमक २.१ मेट्रिक टन मात्रै हुन्छ । तर, चामल बिक्रीमा भने किसानलाई बराबरीको लाभ छ । अन्य चामलको भन्दा यो तीन गुणा बढी मूल्यमा बिक्री हुन्छ । अहिले यसको बजार मूल्य प्रतिकेजी १६० देखि १८० रूपैयाँसम्म पर्दछ ।

'कपिलवस्तु राज्यमा कालानमक धानको प्रशस्त खेती हुने गरेको थियो, जुन जलमार्गबाट भारतका अन्य राज्यसम्म पुग्ने गरेको थियो,' कालानमक संरक्षणकर्ता तथा बुद्धधर्मका स्थानीय शोधकर्ता भोला गुप्ताले भने, 'संस्कृतमा ओदन भनेको भात हो, शुद्ध ओदन (शुद्ध भात) उत्पादन गर्ने भएकाले राजाको नाम शुद्धोदन भएको हो ।'



पछिल्लो समयमा कालानमक चामलको 'प्याकेजिङ' र 'ब्राण्डिङ' गरिरहेको लुम्बिनी एग्रो टुरिजम एण्ड रिसर्च सेन्टरले मात्र एक हेक्टरमा कालानमक खेती गरेको संस्थाका अध्यक्ष पूर्णिमादेवी पाठकले बताए । उनका अनुसार लुम्बिनी सांस्कृतिक नगरपालिकामा मात्र कूल १० हेक्टरभन्दा बढी क्षेत्रफलमा कालानमक धान लगाउने गरिएको छ ।

जिल्लाभरि करिब ५० हेक्टरमा कालानमक धान खेती सुरु भएको उनले बताए । 'लगानीअनुसार यसले संख्यात्मक प्रतिफल दिन नसक्दा किसानले खेती गर्न छाड्न थालेका छन्,' उनले भने, 'कालानमक धानको दाना बन्ने बेलामा कीरो बढी लाग्ने र चुसेर नष्ट पार्ने हुँदा किसानहरू यसको खेतीबाट विमुख हुन थालेका छन् ।'

खाँदा नरम, स्वादिलो र मगमग बास्ना दिने कालानमक मानव स्वास्थ्यका लागि असाध्यै पोषिलो मानिन्छ । यो चामलको स्वाद लुम्बिनी भ्रमणमा आउने पर्यटकलाई चखाउन सके यसको संरक्षणसँगै किसानले आर्थिक लाभ लिनसक्ने पाठकको भनाइ छ । पाँच वर्षदेखि लुम्बिनीको रैथाने कालानमक चामलको प्रचारप्रसार, संरक्षण र बजारीकरण गर्दै आएका पाठकले भने, 'कालानमक चामलमा पोटासियम, प्रोटिन, फाइबर, भिटामिन बी, आइरन र एन्टिअसिक्डेन्टको मात्रा बढी हुन्छ ।'

मसिनो र बास्नादारको सूचीमा पर्ने कालानमक धानको भूस कालो हुन्छ । अहिले बजारमा हाइब्रिड र रैथाने गरी दुई खालको कालानमक धानको बीउ पाइने गरेको कृषि ज्ञान केन्द्र रूपन्देहीका प्रवक्ता तथा कृषि प्रसार अधिकृत अनिलकुमार कानु बनियाले बताए । उनका अनुसार रूपन्देहीमा ६४ हजार आठ सय १९ हेक्टर क्षेत्रफलमध्ये कमै मात्र कालानमक धान खेती गरिएको छ । उनले भने, 'कालानमकका लागि प्रसिद्ध कपिलवस्तु, रूपन्देही र पश्चिम परासीका केही समृद्ध किसानले निजी प्रयोजनका लागि यसको खेती गर्ने गरेका छन् ।'

पछिल्ला वर्षहरूमा कपिलवस्तुमा मात्रै पाँच हजार हेक्टरमा कालानामक धान लगाइन्थ्यो । अहिले भने कालानमकको जस्तै बास्ना दिने भारतीय बीउ कम्पनीबाट उत्पादित गोपालभोग धानसमेत गरेर कूल ४७५ हेक्टरमा घटाएर यसको खेती गरिएको कृषि ज्ञान केन्द्र कपिलवस्तुले जनाएको छ ।

असार पूर्णिमाका दिन तिलौराकोट दरबारबाहिर धान मंगलोत्सव मनाएर कालानमक धान लगाइने गरिएको लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेश त्रिपाठी (भिक्षु मेत्तेय)ले बताए । बढी पानी चाहिने र रोग तथा कीरोको प्रकोप लाग्ने भएकाले कृषकहरूले बिस्तारै यो धान लगाउन छाड्दै गएको उनको बुझाइ छ ।

उनले प्राचीन कपिलवस्तुको गौरवका रूपमा रहेको कालानमक धानलाई प्रवर्द्धन गर्नुपर्ने बताए । उनले भने, 'नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले कालानमक धानलाई बुद्धकालीन मानेर चार वर्षअघि नै शुद्धोदन नामको उन्नत जातको कालानमक धानको बीउसमेत विकास गरेको थियो । तर, त्यसबारे कृषकलाई त्यति जानकारी नै छैन ।'

कालानमक नेपालकै रैथाने भएकाले यसको बीउ जोगाउन किसानलगायत सम्बन्धित सरोकारवालाले ध्यान दिनुपर्ने तर्क उनको छ । 'अहिले पुराना कालानमक लोप भइसक्यो कि जस्तो छ,' उनले भने, 'यसलाई जोगाउन नार्कले चासो दिनुपर्छ ।' कपिलवस्तु, रूपन्देही र पश्चिम परासी जिल्लामा करिब ६०० हेक्टरमा यसको खेती भइरहेको उपाध्यक्ष त्रिपाठीको भनाइ छ । उनका अनुसार कपिलवस्तुमा साढे ३०० हेक्टर कालानमक र ५० हेक्टर गोपालभोग लगाइने गरिएको छ ।

सम्मरीमाई गाउँपालिकाका अध्यक्ष विनोदकुमार श्रीवास्तवले भने, 'पुराना जातका धान जतिको मीठो, स्वादिलो र स्वास्थ्यवर्द्धक अहिलेका नयाँ जातमा छैनन् । तर, पनि थोरै खेतमा लगाएको बालीले किसानलाई वर्षभरि खानका लागि पनि पुग्ने खालका नयाँ उन्नत जातका धान लगाउनुपर्‍यो ।'

गाउँपालिका अध्यक्ष तथा कालानमक संरक्षणकर्ता श्रीवास्तवले परिवर्तित समयसँगै लोपोन्मुख पुराना प्रजातिका धानको अध्ययन अनुसन्धान गरी विकसित गर्दै लगेमा फेरि उत्पादनमा आउनसक्ने बताए । कृषिसम्बन्धी परम्परागत विचारधारामा परिवर्तन ल्याई उत्पादन बढाउने उद्देश्यका साथ आफू अघि बढ्ने प्रयासमा रहेको श्रीवास्तवले बताए । समयानुकूल सस्तो र प्रभावकारी नयाँ प्रविधि कृषकसमक्ष पुग्न नसकेपछि उत्पादनमा ह्रास आएको उनको भनाइ छ । दीर्घकालीन कृषि योजनालाई आधार मानी पकेट क्षेत्रको विकास र व्यावसायिकीकरणमा प्राथमिकता दिएर कार्यक्रम सञ्चालन गर्न सके कालानमकको उत्पादन राम्रो हुने र यसबाट बढी आर्थिक लाभ लिनसक्ने उनको सुझाव छ । *रासस*

# स्थानीय पाठ्यक्रम पठनपाठनमा

**दोधारा चाँदनी–** कञ्चनपुरका स्थानीय तह आफ्नै पाठ्यक्रम बनाइ कार्यान्वयन गर्ने तयारीमा जुटेका छन् । पालिकाले स्थानीय कला, संस्कृति र पर्यटनलाई समेटेर आफ्नै पाठ्यपुस्तक प्रकाशनमा ल्याउने तयारीमा लागेका हुन् । बालबालिकालाई आफ्नो क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक तथा धार्मिक सम्पदाबारे परिचित गराउने विषय समावेश गरेर कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम यसै शैक्षिकसत्रदेखि लागू गरिएको हो ।

बेलौरी नगरपालिकाका शिक्षा शाखाप्रमुख अमितप्रसाद भट्टले नगरपालिकाले स्थानीय पाठ्यपुस्तक प्रकाशनको अन्तिम तयारी भइरहेको बताए । 'विद्यालयहरूमा यसै शैक्षिकसत्रदेखि लागू हुनेगरी पाठ्यपुस्तक प्रकाशन गर्न लागेको हो,' उनले भने, 'एक साताभित्रै विद्यालयमा स्थानीय विषयवस्तु समेटिएको पाठ्यपुस्तक पुग्छ ।' उनले गत वैशाखमा विद्यालयहरूलाई पाठ्यक्रम उपलब्ध गराए पनि पाठ्यपुस्तक प्रकाशन हुन समय लागेको बताए ।

संघीय सरकारबाट स्वीकृत पाठ्यक्रमअनुसार नगरपालिकाले पाठ्यक्रम बनाई पाठ्यपुस्तक प्रकाशन गर्न लागेका हुन् । यहाँको बेदकोट नगरपालिकाका शिक्षा शाखाप्रमुख मञ्जु थापाले कक्षा १ र २ को पाठ्यक्रम विद्यालयमा पठनपाठन सुरु भए पनि कक्षा ३ देखि ८ सम्मको पाठ्यक्रम निर्माणको अन्तिम चरणमा रहेको बताए । 'पाठ्यक्रम निर्माण गरेर प्रकाशनमा ल्याउने अन्तिम चरणमा पुगेका छौं छिट्टै विद्यालयमा स्थानीय पाठ्यक्रमसहितको पाठ्यपुस्तक पुग्छ,' थापाले भने, 'विद्यार्थीहरूले पालिकाभित्रको ऐतिहासिक तथा धार्मिक सम्पदालगायतका विषयवस्तु थाहा पाउने छन् ।' उनले पाठ्यक्रममा नगर क्षेत्रको ऐतिहासिक तथा धार्मिक सम्पदा र यहाँको संस्कृति पर्वहरूका बारेमा पुस्तकमा समेटिएको बताए ।

स्थानीय पाठ्यक्रममले पर्यटन विकास र संस्कृति संरक्षणमा टेवा पुग्ने पुनर्वास नगरपालिकाका शिक्षा शाखाप्रमुख शिवराज भट्टले बताए । 'नगरपालिकाले १ देखि ८ कक्षा सम्मको पाठ्यपुस्तकमा यस क्षेत्रका पर्यटकीय स्थलहरू, धार्मिक सम्पदाहरू र परम्परागत पर्वहरूको विषय समावेश गरेको छ,' उनले भने, 'यहाँका मौलिक पर्वका बारेमा समेत विषयवस्तु राखिएको छ ।'

नेपालको संविधानको भाग ३ मा मौलिक हकसम्बन्धी व्यवस्था छ । सोअन्तर्गत धारा ३२ को उपधारा (२) र (३) मा मुलुकका हरेक स्थानीय तहबाट आफू मातहत रहेका सामुदायिक र संस्थागत विद्यालयमा स्थानीय पाठ्यपुस्तकका रूपमा आफैंले एक विषय अध्ययन अध्यापन गराउन सकिने व्यवस्था गरिएको छ ।

प्रगतिशील लेखक संघ सुदूरपश्चिम प्रदेशका अध्यक्ष रमेश पन्त मितबन्धुले स्थानीय सरकारले आफ्नै पाठ्यपुस्तक प्रकाशनमा ल्याउनु प्रशंसनीय भएको बताए । 'स्थानीय पाठ्यपुस्तकमा समेटिएका स्थानीय स्तरका भाषा, संस्कृति, कला र सम्पदाबारे विद्यार्थीहरू परिचित हुन्छन्,' उनले भने, 'यसले विद्यार्थीहरूमा आफ्नो समाजप्रति जिम्मेवारी बोध हुन्छ ।' उनले यस्ता पाठ्यपुस्तकले विद्यार्थीमा अपनत्वको विकास हुने बताए । *रासस*


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALUPUTER MANUFACTURING (M) SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०६/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०६ LT. No. 273482 चलानी नं. ६०१८९२२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 11 | 0 | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १४ गते (29th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०८०/०२/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०६ LT. No.286744 चलानी नं.६०२०२२०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 10 | 900 | ३२,३८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Ticket Collector | 10 | 10 | 1000 | ३५,९८५ | | | | | | | |
| 3 | Packer | 15 | 0 | 900 | ३२,३८५ | | | | | | | |
| 4 | Stevdore | 10 | 0 | 1000 | ३५,९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १४ गते (29th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com


# उपचार खर्च नपाउँदा बिरामी समस्यामा

**झापा (प्रस)–** मेचीनगर नगरपालिकामा बसोबास रहेका मिर्गौला, क्यान्सर र मेरुदण्ड पक्षघातका बिरामीहरू संघीय सरकारले घोषणा गरेको मासिक उपचार खर्च नपाउँदा निराश बनेका छन् । संघीय सरकारले २०७८ साल चैत १६ गते मिर्गौला डायलासिस गराइरहेका तथा प्रत्यारोपण गराएका, क्यान्सर र मेरुदण्ड पक्षघातका बिरामीलाई उपचार खर्चबापत मासिक पाँच हजार रूपैयाँ दिने निर्णय गरेको थियो ।

यो रकम चालु आव २०७९/८० मै बिरामीहरूले पाउनुपर्ने हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कुनै बजेट नपठाएका कारण मेचीनगरले सम्बन्धित बिरामीहरूलाई उपचार खर्च दिन नसकेको नगरप्रमुख गोपाल बुढाथोकीले बताए । उनले नगरपालिकाको आन्तरिक स्रोतबाट सो रकम उपलब्ध गराउन नसकिएको स्वीकार गर्दै स्वास्थ्य मन्त्रालयलाई पटकपटक बजेटका लागि ताकेता गर्दासमेत सकारात्मक जवाफ नआएको गुनासो गरे ।

'गत मंसिर, वैशाख र असारमा गरी तीनपटक स्वास्थ्य मन्त्रालयलाई पत्राचार गरी उपचार खर्चको बजेट विनियोजन गरिदिन पत्र लेखेका छौं,' नगरप्रमुख बुढाथोकीले भने, 'न बजेट आउँछ, न कुनै प्रतिक्रिया ।'


## गोलिया काठ/ दाउरा बिक्री वितरण सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०७)**

यस मैनागैरी सा.व.उ.स. मरिण गा.पा. ५, सिन्धुलीबाट आ.व. २०७९/०८०मा उत्पादन भई गोठखोला चौर,मरिण गा.पा. ५, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल र असना जातको गोलिया ६३ को ९१३.३० क्यू.फि गोलिया काठ र १ चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ । काठ/ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टा'स गरिएको छ ।

**श्री मैनागैरी सा.व.उ.स. मरिण गा.पा.–५, सिन्धुली**



## सूचना ! सूचना !! सूचना !!!

जिल्ला धादिङ, गल्छी गा.पा. वडा नं. ०३ घर भई सानुकृष्ण खनालको छोरा **निलकण्ठ खनाल** (ना.प्र.प.नं. १३७२०/) ले आफू यस **Bishojyoti H.R Solution Pvt. Ltd.** मा सञ्चालक फरार रहेको र अझै पनि सर्म्पकमा नआएको र यस प्रालिको नाम जोडेर विभिन्न व्यक्तिहरूबाट वैदेशिक रोजगारीमा पठाउने नाममा रकम असुली गरिरहेको सूचना प्राप्त भएकोले निज निलकण्ठ खनाल ले यस प्रालिमा आबद्ध नरहेको सरोकारवाला सबैमा जानकारी गराईन्छ । निजसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कोही कसैले निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक कारोबार गरेमा यस प्रालि जवाफदेही नहुनेसमेत यसै सूचनामार्फत जानकारी गराईन्छ ।

**BISHOJYOTI HR SOLUTION PVT. LTD.**

श्रम ईजाजत नं. १३१५/०७४/०७५

Basundhara-3, Kathmandu,Tel: +997-1-4016667, 4016669, Mobile No: Mobile No: 9860089267, 9865229690
Email: info@bhrsolution.com, bishojyotihrsolution@gmail.com, Web: www.bhrsolution.com



**Suvekchya International hospital ( SIH)** invites application form qualified for following post. The application should reach the address given below 7 days from the date of first publication

**Post**

**1. Medical Officer Required : Few**

Purpose of Job: To be a part of clinical team to provide holistic care to the patient of SIH

Required Qualification: MBBS with registration with Nepal Medical Council

Application should be received by 25th June 2023 Interested candidates who meet the above criteria can send in their application stating the post applied for with detailed curriculum vitae (CV) to the address given below . ***Only short-listed candidates will be contacted.***

Suvekchya International Hospital, Standardizing health care

**Suvekchya International Hospital**
Narajun, Sitapaila, Kathamndu
ceo@sihrc.com.np



**श्री सिद्धबाबा सामुदायिक वन उपभोक्ता समूह**
राप्ती सोनारी गा.पा.-६, बाँके

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०३/०७ गते)

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र सिक्टा सिंचाई आयोजनाको पूर्वी नहर निर्माणको क्रममा उत्पादन भएका बिभिन्न जातका गोलिया काठ तथा दाउरा चट्टालाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ३४८२ मिति २०८०/०२/३० गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्धीमा रहेका असना, कर्मा, जामुन, बर्रो, सिमल, मौवा, अन्य जातका गोलिया थान ४७ को ५३४.५८ घ. फि. काठ तथा अन्य जातका दाउरा २.०० चट्टालाई हाल जे-जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले काठसँग सम्बन्धीत उद्योग वा स:मिलले मात्र यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धीत सबैलाई सूचित गरिन्छ ।



CIVIL AVIATION AUTHORITY OF NEPAL
**ELECTROMECHANICAL DEPARTMENT**
Babarmahal, Kathmandu, Nepal

## INVITATION FOR SEALED QUOTATION

**First date of Publication: 07th Asadh 2080(22nd June, 2023)**

Civil Aviation Authority of Nepal (CAAN), Electromechanical Department (EMD) hereby invites Sealed Quotation from registered contractors for:

| S. N. | Sealed Quotation Notice No. | Name of Procurement | Bid Security NRs. | Document Fee NRs. (non-refundable) |
|---|---|---|---|---|
| 1 | SQ-01-EMD-EE-079/80 | Upgradation and maintenance of Power Supply System at Simara Airport | 45,000.00 | 1000.00+VAT |

1. Eligible Bidders may obtain further information and inspect the sealed quotation forms at the office of EMD, CAAN, Kathmandu, Nepal. Ph. No. 977-01-4262100, Fax 977-01-4262107.
2. Sealed Quotation Forms may be purchased by eligible Bidders from Civil Aviation Authority of Nepal, **Electro Mechanical Department, Kathmandu** on the submission of a written application within **15 days** from the date of first publication of this notice and on receipt of cash deposit of a non-refundable fee **of NRs. *1130.00*** in NMB Bank, Babarmahal in the Office Account No. 0010012611500043 of Civil Aviation Authority of Nepal (CAAN) within office hours.
3. Sealed Quotations must be submitted to the above office on or before **12:00 Noon** on **2080/03/22(07th July, 2023).** Documents received after this deadline shall not be accepted.
4. Quotations must be valid for a period of ***45 days*** after opening of sealed quotations and must be accompanied by Cash Security or Bank Guarantee, amounting to the sum of **NRS 45,000.00** which shall be ***valid for 75 days*** after opening of the Sealed Quotations. If bidder wishes to submit the Cash Security, the cash should be deposited at NIC Asia Bank, Thapathali, Account No. 5444050568352401-NPR of Civil Aviation Authority of Nepal, Babarmahal, Kathmandu and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hr** on **2080/03/22(07th July, 2023) at 13:00** in the office of EMD, CAAN, Kathmandu, Nepal.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day.

# प्रभाव दैनिक

बिहीबार, ७ असार २०८० (Thursday, June 22, 2023)


रूपशाला

## 'बगान'को टिजर सार्वजनिक

फिल्म 'बगान'को टिजर सार्वजनिक गरिएको छ । अभिनेता सरोज खनालको डेब्यु निर्देशनमा तयार गरिएको बगानको टिजर सार्वजनिक गरिएको हो । २९ असारमा रिलिज गर्न लागिएको बगानको टिजरमा अभिनेत्री करिश्मा मानन्धरलाई एकल महिलाको रूपमा चित्रण गरिएको छ । टिजरमा प्रमुख कलाकारहरू सरोज खनाल, करिश्मा मानन्धर, आकाश श्रेष्ठ, नव अभिनेत्री प्रमिला कार्कीसँगै नीर शाह, बसुन्धरा भुषाल र मिथिला शर्मालाई पनि देखाइएको छ । स्वप्न नीरवको कथामा आधारित रहि बनेको बगानका निर्माता सुरेश वाग्ले हुन् भने कार्यकारी निर्माता विनोद मानन्धर हुन् ।




# बालेनको निर्णयविरुद्ध चलचित्र संघ पुग्यो अदालत

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरभित्रका हलहरूमा कुनै पनि हिन्दी फिल्म चल्न नदिने मेयर बालेन्द्र (बालेन) साहको निर्णयविरुद्ध चलचित्र संघ अदालत पुगेको छ । संघले बुधवार उच्च अदालत पाटनमा मुद्दा दायर गरेको हो । संघको मुद्दा दर्ता गरिएको अदालतका रजिष्ट्रार ठगिन्द्र कट्टेलले बताए ।

'महानगरपालिकाले आदिपुरुष लगायत अन्य हिन्दी फिल्महरू प्रतिबन्ध लगाउने निर्णय गरेको रहेछ । त्यसविरूद्ध नेपाल चलचित्र संघले आदिपुरुष मात्रै प्रतिबन्ध लगाउँदा ठिकै थियो । तर सबै हिन्दी फिल्म बन्द गर्न मिल्दैन भनेर उजुरी दिनु भएको छ', कट्टेलले भने, 'हामीले उजुरी दर्ता गरेका छौं । त्यसको भोलि सुनुवाइ होला ।' संघका कानुनी सल्लाहकार तथा अधिवक्ता जयलाल भण्डारीमार्फत उजुरी दर्ता गरिएको हो । मेयर बालेन साह, नगर प्रहरी, गृह मन्त्रालय र सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयलाई विपक्षी बनाएर निषेधाज्ञाको मुद्दा दर्ता भएको छ । व्यक्तिगत कुरामा अल्भिनु भन्दा कानुनी बाटो खोज्ने उद्देश्यले मुद्दा दर्ता गरेको चलचित्र संघका वरिष्ठ उपाध्यक्ष गोपालकाजी कायस्थले बताए । निषेध 'आदिपुरुष' का लागि मात्र भए केही थिएन । महानगरले सबै हिन्दी फिल्म रोकेको छ', कायस्थले भने, 'त्यो महानगरको क्षेत्रभित्र पर्छ कि पर्दैन । अब त्यो पनि थाहा हुन्छ ।' आफूहरूले व्यवसाय गर्न पाउने भन्दै अदालतमा पुगेको कायस्थको भनाइ छ ।

काठमाडौं महानगरका मेयर बालेन साहले 'आदिपुरुष' मा समावेश 'जानकी भारतकी छोरी हुन्' भन्ने भ्रमपूर्ण संवाद भारतबाट नहटेसम्म हिन्दी फिल्म चल्न नदिने बताउँदै सोमबारदेखि हिन्दी फिल्म प्रदर्शन रोक लगाएका थिए ।

# 'गोर्खा वारियर्स'को प्रिमियरमा हर्क साम्पाङ सहभागी हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** बेलायतको प्रतिष्ठित आइम्याक्स सिनेवर्ल्डमा हुने चलचित्र 'गोर्खा वारियर्स'को विशेष प्रदर्शनीमा निर्माता तथा निर्देशक मिलन चाम्सले धरान उपमहानगरपालिका प्रमुख हर्कराज राई साम्पाङ सहभागी हुने जानकारी दिए । आउँदो भदौ २४ अर्थात् १० सेप्टेम्बरमा विशेष प्रदर्शनी तय गरिएको जानकारी दिए ।




बुधबार निर्देशक चाम्स धरान पुगेर प्रमुख राईलाई निम्तो दिएपछि प्रमुख साम्पाङले सहभागी हुने सहमति दिए । 'गोर्खालीको गौरव गाथा समेटिएको चलचित्रको विशेष प्रदर्शनीमा सहभागी हुन् पाउँदा म उत्साहित छु । आफ्नो अभियानलाई साथ दिने बेलायतवासी नेपालीलाई भेटेर धन्यवाद दिन चाहेको प्रमुख राईले बताए', निर्देशक चाम्सले भने ।

हलिउडका ठूला कलाकारभैँ नेपाली कलाकारलाई प्रिमियरमा हिँडाउने तयारीमा रहेका निर्देशक चाम्सले उक्त चलचित्र भवनमा हलिउडका ठूला कम्पनी मार्भल, डिसी, युनिभर्सल, डिज्नीको चलचित्र विशेष प्रदर्शनी भइसकेको जानकारी दिए ।

निर्देशक चाम्सले लण्डनको लिसेस्ट स्क्वायरस्थित आइम्याक्स हलमा हुने प्रिमियरमा बेलायती राजपरिवारका सदस्य, सांसद, स्थानीय निकायका प्रमुख, बेलायती सेनाका जनरल, गोर्खा रेजिमेन्ट अधिकृत, नेपाली दूतावास, सेलिब्रिटीलगायतलाई निम्तो दिइएको जानकारी दिए । युद्धको कथामा बनेको 'गोर्खा वारियर' सन् १९४९ मा मलाया जङ्गलमा बेलायती सेनामा आबद्ध गोर्खा सैनिकले लडेको लडाइँको कथा छ ।

नेपाली, अंग्रेजी र हिन्दी भाषामा प्रदर्शन गर्ने तयारी रहेको चलचित्रमा रितेश चाम्सले, विजय लामा, रेविका गुरुङ, रियर राई, शिशिर बाङ्देल, कविता आले, बिरूप घले, सारा राईलगायतका कलाकारले अभिनय गरेका छन् । चलचित्रमा निर्देशक चाम्स र गिरिराज घिमिरेको लेखन, मिलन श्रेष्ठको सम्पादन, सुदीप बरालको डिओपी, हिमाल केसीको द्वन्द्व निर्देशन रहेको छ ।

# पात्र र कलाकार फरक हुन् : शिल्पा



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री शिल्पा मास्के आफूलाई चलचित्रमा फरक शैलीमा प्रस्तुत गर्न रुचाउँछन् । अभिनय गरेको चलचित्रको संख्याभैँ भूमिका निर्वाह गरिएका पात्र पनि परिचित होउन् भन्ने उनको चाहना छ । त्यसैले उहाँ छनौटमा विशेष ध्यान दिन्छिन् । चलचित्र 'सानो मन' मार्फत अभिनयको सुरुवात गरेकी अभिनेत्री मास्के पछिल्लो समय 'परस्त्री' का कारण चर्चामा छिन् ।

यसमा उनले रेडियोकर्मीको भूमिका निर्वाह गरेकी छिन् । 'मेरो पात्रको नाम आव्या हो । उनले आत्मनिर्भर हुँदा पनि परिवारको रोजाइमा विवाह गरेकी हुन्', उनले पात्रको बारेमा जानकारी दिइन्, 'यद्यपि परिवार र समाजको कारणले आफूभित्र रहेका असन्तुष्टिलाई दबाउँदै विवाहित जीवनलाई निर्वाह गरिरहेकी छन् ।'

सुरज पाण्डेको पहिलो निर्देशकीय चलचित्रमा अभिनेत्री मास्के 'बोल्ड' देखिएकी छिन् । उनलाई यो भूमिका प्रस्ताव आउँदा डर पनि लागेको थियो । 'किनकि हामी कहाँ बोल्ड दृश्यको चर्चा धेरै हुन्छ । मैले उक्त पात्रलाई निर्वाह गरे पनि त्यो प्रश्न मलाई नै आउँछ । त्यसैले अभिनय गर्ने सहमति दिनु अगाडि धेरै सोचेकी थिएँ', उनले भनिन् ।

उनलाई 'बोल्ड दृश्य दिएको ?' भन्ने पनि छन् तर, अभिनेत्री मास्के पर्दामा देखिएकी आफू नभई 'आव्या' रहेको बताउँछिन् । उनी चलचित्रमा वैवाहिक जीवनबाट दु:खी भएर परपुरुषको प्रेममा परेकी महिलाको भूमिकामा देखिँदै छिन् ।

अविवाहित भएकाले पात्रलाई जीवन्त बनाउन उनले केही अनुसन्धान पनि गरिन् । विवाहित महिला अन्यप्रति आकर्षित हुनुको कारण बुझेर मात्र चलचित्रको पात्रलाई प्रस्तुत गर्न मानसिकरूपमा उनी तयार भएको बताइन् ।

'चलचित्रमा हाम्रो समाजको एउटा पाटोलाई देखाइएको छ । यो कथालाई पर्दामा ल्याउँदा केही बोल्ड दृश्य पनि छन्, तर ती कलात्मक शैलीमा छायांकन गरिएको छ', अभिनेत्री मास्केले भनिन् । उनले यो भूमिकालाई निर्वाह गर्ने सहमति दिनुमा निर्माण टिम पनि कारक छ । किनकि निर्माण समूहसँग विश्वास भएन भने ती दृश्य अस्वाभाविक र अपाच्य लाग्न सक्छ तर, मलाई टिमसँग विश्वास थियो भनिन् ।

उनले पात्रका विषयमा छायांकनअगावै गरिने कार्यशालामा पूर्णरूपमा स्पष्ट भएको बताइन् । उनले निर्माण समूहसँग काम गर्नुमा 'पशुपति प्रसाद' जस्ता चलचित्र निर्देशन गरेका दीपेन्द्रकुमार खनालद्वारा लिखित कथा रहेको कारण बताइन् । 'निर्देशक खनालसँग काम गर्ने इच्छा थियो । समाजकै घटनालाई काल्पनिक पात्रमार्फत प्रस्तुत गर्न किन हिच्किचाउने भनेर आफैँलाई सम्भाएर आव्या बन्न तयार भएँ', अभिनेत्री मास्केले भने । चलचित्रमा उनीसँगै अभिनेता कोसिस क्षेत्री, गौरव विष्टलगायतका कलाकारले अभिनय गरेका छन् ।

## रंगशाला

साफ च्याम्पियनसिप

# कुवेतसँग नेपाल पराजित

## पाकिस्तानविरुद्ध साविक भारतको जित




■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतमा जारी साफ च्याम्पियनसिप फुटबलको पहिलो खेलमा नेपालले हार व्यहोरेको छ ।

बैंगलोरस्थित श्री कांतिराव स्टेडियममा बुधबार भएको उद्घाटन खेलमा नेपालले कुवेतसँग ३-१ गोल अन्तरको हार व्यहोरेको हो । पहिलो पटक साफ खेलिरहेको कुवेतको जितमा कप्तान खालिद हाजिह, शाबैब अल्खाल्दी र मोहमद अब्दुल्लाहले एक एक गोल गरे । नेपालका अन्जन विष्टले एक गोल फर्काए ।

खेलको २३ औं मिनेटमा कप्तान खालिदले हेडरमार्फत गोल गर्दै कुवेतलाई सुरुआती अग्रता दिलाएका थिए । फावज अलोताबीको कर्नरमा नेपाली डिफेन्डरले क्लियर गर्न नसकेको बलमा उनले गोल गरे ।

खेलको ४२ औं मिनेटमा शाबैबले गोल गर्दै कुवेतलाई २-० को अग्रता दिलाए । खेलको ६५ औं मिनेटमा मोहमदले पेनाल्टी मार्फत गोल गर्दै कुवेतलाई ३-० को अग्रता दिलाए ।

नेपालका डिफेन्डर अनन्त तामाङले पेनाल्टी बक्स भित्र ह्याण्डबल गरेपछि कुवेतले पेनाल्टीको अवसर पाएको थियो । त्यसपछि खेलको ६८ औं मिनेटमा अन्जनले गोल गरेपनि नेपाल ३-१ ले पराजित भयो । अन्जनको यो नेपालका लागि १२ औं अन्तराष्ट्रिय गोल हो ।

यससँगै साविक उपविजेता नेपालले हारबाट प्रतियोगिताको सुरुआत गरेको छ । समूह 'ए' मा रहेको कुवेतले भने पहिलो खेलमै ३ अंक जोडेको छ । अब नेपालले दोस्रो खेलमा शनिबार आयोजक भारतसँग खेल्नेछ । यस्तै तेस्रो तथा समूह चरणको अन्तिम खेलमा १२ असारमा पाकिस्तानविरुद्ध खेल्नेछ ।

### पाकिस्तानविरुद्ध भारत विजयी

साविक विजेता तथा आयोजक भारतले विजयी सुरुआत गरेको छ । बैंगलोरस्थित श्री कांतिराव स्टेडियममा बुधबार पाकिस्तानलाई ४-० गोलको फराकिलो अन्तरले हराउँदै भारतले सुखद सुरुआत गरेको हो । भारतको जितमा कप्तान सुनिल क्षेत्रीले ह्याट्रिक गोल गरे । यस्तै उदान्त सिंहले एक गोल थपे । खेलको दशौं मिनेटमा सुनिलले पाकिस्तानी गोलकिपरको गल्तीमा गोल गर्दै भारतलाई सुरुआती अग्रता दिलाएका थिए ।

खेलको १६ औं मिनेटमा सुनिलले पेनाल्टीमार्फत व्यक्तिगत दोस्रो गोल गर्दा भारत २-० ले अघि रह्यो । खेलको ७४ औं मिनेटमा सुनिलले पेनाल्टीमार्फत तेस्रो गोल गर्दै ह्याट्रिक पूरा गरेपछि भारतले ३-० को अग्रता बनायो । ह्याट्रिकसँगै सुनिलले आफ्नो ९० औं अन्तराष्ट्रिय गोल समेत पूरा गरे । त्यसपछि खेलको ८१ औं मिनेटमा उदान्तले गोल गर्दै भारतलाई ४-० को जित दिलाए ।

जितसँगै समूह 'ए' मा रहेको भारतले पहिलो खेलमै ३ अंक जोडेको छ । भारत शीर्ष स्थानमा रहेको छ । पाकिस्तानले हारबाट प्रतियोगिताको सुरुआत गरेको छ । अब भारतले दोस्रो खेलमा शनिबार नेपालसँग खेल्नेछ ।

विश्वकप छनोट

# आज नेपालले वेस्ट इन्डिजको सामना गर्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले दुईपटकको एकदिवसीय तथा टी-ट्वान्टी विश्वकप च्याम्पियन वेस्ट इन्डिजसँग पहिलोपटक खेल्ने भएको छ । जिम्बावेमा जारी रहेको आइसिसी विश्वकप छनोटका क्रममा नेपालले वेस्ट इन्डिजसँग पहिलो पटक खेल्न लागेको हो ।

नेपाल र वेस्ट इन्डिजबीचको खेल बिहीबार हरारे स्पोर्टस् क्लबमा नेपाली समय अनुसार मध्यान्ह पौने १ मा सुरु हुनेछ । यसअघि नेपालले टी-ट्वान्टी तथा एकदिवसीय फर्म्याटमा वेस्ट इन्डिजसँग खेलेको थिएन । वेस्ट इन्डिजले आइसिसी एकदिवसीय विश्वकपको पहिलो तथा दोस्रो संस्करणको उपाधि जितेको थियो । १९७५ मा इंग्ल्यान्डमा आयोजना भएको पहिलो संस्करणको विश्वकपमा अष्ट्रेलियालाई पराजित गरि वेस्ट इन्डिजले उपाधि जितेको थियो ।

इंग्ल्यान्डमै १९७९ आयोजना भएको दोस्रो संस्करणमा घरेलु टोलीलाई पराजित गरि वेस्ट इन्डिज च्याम्पियन बनेको थियो । नेपालसँगै समूह 'ए' मा रहेको छ । यस समूहमा घरेलु टोली जिम्बावे, अमेरिका, नेपाल, वेस्ट इन्डिज तथा नेदरल्यान्ड्स रहेका छन् ।

नेपालले घरेलु राष्ट्रसँग खेल्दै प्रतियोगिता गरेको थियो । नेपाल र जिम्बावेबीचको खेल १८ जुन अर्थात असार ३ मा भएकोमा सो खेल नेपालले ८ विकेटले गुमाएको थियो ।

नेपालको दोस्रो खेलमा २० जुन अर्थात् असार ५ मा अमेरिकासँग रहेको थियो । अमेरिकासँगको खेलमा नेपाल ६ विकेटले विजयी भएको थियो । नेपालले समूह चरणको अन्तिम खेलमा नेदरल्यान्डसँग २४ जुन अर्थात असार ९ मा खेल्नेछ ।

वेस्ट इन्डिजले प्रतियोगितामा एक मात्र खेल खेलेको छ । पहिलो खेलमा वेस्ट इन्डिजले अमेरिकालाई पराजित गरेको थियो । प्रतियोगितामा दश राष्ट्रको सहभागीता रहेको छ । सहभागी दश टोलीलाई दुई समूहमा विभाजन गरिएको छ ।

समूह 'ए' मा नेपाल र आयोजक जिम्बावे सहित वेस्ट इन्डिज, नेदरल्यान्ड्स र अमेरिका रहेका छन् । उता, समूह 'बी' मा श्रीलंका, आयरल्यान्ड, स्कटल्याण्ड,ओमान र युएई रहेका छन् । समूह चरणमा प्रत्येक राष्ट्र चार खेल खेल्नेछन् । आआफ्नो समूहका शीर्ष ३ टोलीहरू सुपर सिक्समा प्रवेश गर्नेछन् । सुपर सिक्समा एक समूहका टोलीले अर्को समूहका टोलीसँग प्रतिस्पर्धा गर्ने छन् ।

सुपर सिक्सको शीर्ष दुईमा रहने टोली अक्टोबरमा भारतमा आयोजना हुने आइसिसी एकदिवसीय विश्वकपमा छनोट हुनेछ । १३ राष्ट्र सहभागी विश्वकप सुपर लिगको शीर्ष ८ मा रहि विश्वकप आयोजक भारत, पाकिस्तान, अस्ट्रेलिया, न्युजिल्यान्ड, बंगलादेश, इंग्ल्यान्ड, दक्षिण अफ्रिका र अफगानिस्तान सिधा विश्वकपका लागि छनोट भइसकेका छन् ।

# जापानमा ६१ प्रतिशत फर्महरू 'जेनेरेटर एआई' प्रयोग गर्न सकारात्मक



**टोकियो–** जापानका ६० प्रतिशतभन्दा बढी कम्पनीहरूले आफ्नो सञ्चालनमा 'जेनेरेटर आर्टिफिसियल इन्टेलिजेन्स'को प्रयोगप्रति सकारात्मक दृष्टिकोण राखेको हालैको एक अनुसन्धान सर्वेक्षणले देखाएको छ ।

जापानको टेइकोकु तथ्यांक बैंकद्वारा मंगलबार प्रकाशित एक अनलाइन सर्वेक्षणअनुसार सर्वेक्षणमा सहभागी ९.१ प्रतिशत कम्पनीहरूले आफ्नो सञ्चालनमा जेनेरेटर एआईको प्रयोग गरिरहेको बताएका छन् भने ५२.० प्रतिशतले प्रविधिको प्रयोग गर्नेबारे सोचिरहेको बताएका छन् ।

क्रेडिट रिसर्च कम्पनीले हालै गरेको सर्वेक्षणमा एक हजार ३८० कम्पनीबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको थियो ।

यसैबीच, एआई प्रविधिको प्रयोगमा आन्तरिक नियमहरू तयार गर्ने कम्पनीहरूको अनुपात केवल १.२ प्रतिशतमात्र रहेको छ । सर्वेक्षणमा २३.३ प्रतिशतले तथ्यांकको गोपनीयताबारे चिन्ता व्यक्त गर्दै आफ्ना गतिविधिमा जेनेरेटर एआईको प्रयोगबारे विचार नगरेको बताएका छन् ।

सर्वेक्षणले समेटेका घर-जग्गा किनबेचसम्बन्धी कम्पनीका एक अधिकारीले भने, 'जेनेरेटिभ एआईको प्रयोगमा प्रतिबन्धले फाइदाभन्दा बढी बेफाइदा हुनेछ । व्यक्तिगत जानकारीको प्रयोगमा सामान्य सुरक्षा सावधानीहरू पालन गरिएको छैन ।' *रासस/एएफपी*

# होन्डुरसको महिला कारागार दंगामा ४१ कैदीको मृत्यु



**तेगुसिगाल्पा–** होन्डुरसको केन्द्रीय महिला कारागारमा दंगा भड्किँदा ४१ जना कैदीको मृत्यु भएको छ । न्यूयोर्क टाइम्सका अनुसार लामो समयदेखि समस्याग्रस्त कारागार प्रणालीमा भड्किएको हिंसाको यो सबैभन्दा घातक घटना हो ।

सरकारी वकिलको कार्यालयका प्रवक्ता युरी मोराका अनुसार अधिकांश पीडित जलेका छन् भने अरुलाई गोली लागेको छ । मोराका अनुसार राजधानी तेगुसिगाल्पा नजिकैको तामारामा रहेको हिरासतमा अनुसन्धानकर्ताहरूले खोजी गर्दा मृत्यु हुनेको संख्या बढ्ने अनुमान गरिएको छ । 'यत्रो मानवीय घटनाप्रति हामी स्तब्ध छौं,' सुरक्षा उपमन्त्री होन्डुरन पेनटेन्सियरी सिस्टमका प्रमुख जुलिसा विलानुभाले एक पत्रकार सम्मेलनमा भनेका छन् ।

यस्तै घटना सन् २०१९ मा पनि घटेको थियो जुन झडपमा ४० गिरोह सदस्यको मृत्यु भएको थियो । न्यूयोर्क टाइम्सका अनुसार मंगलबारको घटनामा मृत्यु हुनेको संख्याले अमेरिकी देशमा नराम्रो परिदृश्य उदांगो पारेको छ ।

महिला कारागारमा हालैका वर्षहरूमा हत्या-हिंसाका घटनाहरू बढेका छन् जहाँ दुई प्रतिद्वन्द्वी आपराधिक संगठनका महिला गिरोह सदस्यबीचको भिडन्तमा धुप्रै कैदीलाई घाँटी थिचिएको छ भने कसैलाई छुरा प्रहार गरिएको छ ।

राष्ट्रपति जिओमारा क्यास्ट्रोले यस घटना 'स्तब्ध' भएको र जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउन 'कडा कदम' चाल्ने बताएका छन् । एमएस-१३ र १८ स्ट्रिट ग्याङ्गहरू लामो समयदेखि प्रतिद्वन्द्वीहरूले (जुन संयुक्त राज्यमा उत्पत्ति भएका थिए) दशकौंदेखि होन्डुरस र छिमेकी देशहरूमा हिंसा भड्काइरहेका छन् ।

ह्युमन राइट्स वाचद्वारा सन् २०२१ को होन्डुरसको प्रतिवेदनअनुसार 'कारागारहरूमा अत्यधिक भीडभाड, अपर्याप्त पोषण, कमजोर सरसफाइ, कुटपिट, अन्तरसामूहिक हिंसा, र बन्दी हत्याहरू चरम अवस्थामा छन् ।'

न्यूयोर्क टाइम्सका अनुसार एक सरकारी अधिकारीका अनुसार होन्डुरसको नेसनल वुमेन्स पेनिटेन्सियरी फर सोसल एड्प्टेसनले लगभग ८०० कैदीहरूलाई राखिएको छ यो संख्या क्षमताभन्दा लगभग दोब्बर हो । मानवअधिकारसम्बन्धी अन्तरअमेरिकी आयोगले सन् २०२० मा होन्डुरन जेलहरूमा 'धुप्रै हिंसात्मक घटना' घटेको देखाएको छ । *रासस/एएनआई*

# रूसको कारखानामा विष्फोट, ४ जनाको मृत्यु

**मस्को–** रुसको दक्षिणपश्चिमी ताम्बोभ क्षेत्रमा मंगलबार भएको बारूद कारखानामा विष्फोटबाट भएको आगलागीमा परी चार जनाको मृत्यु हुनाका साथै अन्य दुई जना घाइते भएका छन् ।

कोटोभस्क सहरमा रहेको बारूद कारखानाको भवनमा विष्फोट भएको हो । विष्फोटबाट लागेको आगो केही समयपछि निभाइएको तास समाचार एजेन्सीले जनाएको छ ।

'मानवीय त्रुटिका कारण उक्त घटना भएको थियो । म कुनै शंका नगरी भन्न सक्छु-यो आतंकवादी हमला थिएन । यद्यपि, त्यहाँ कुनै हताहती भने भएन,' ताम्बोभ क्षेत्रका प्रमुख म्याक्सिम येगोरोभले भनेका छन् ।

उनले दुर्घटनाबाट प्लान्टका कामदार वा छिमेकी बस्तीका बासिन्दालाई कुनै पनि कुराले खतरा नरहेको बताएका छन् । दुर्घटना बारे छानबिन भइरहेको जनाएको छ । *रासस/सिन्हवा*

# गोलीबारीमा ४ इजरायलीको मृत्यु

**तेल अविब–** एली समुदाय नजिकैको ग्यास स्टेसनमा मंगलबार दुई प्यालेस्टाइनीले गोली चलाउँदा चार इजरायलीको मृत्यु भएको छ भने अन्य चार घाइते भएका छन् ।

चारैजनालाई आपत्कालीन उद्धारकर्ताले घटनास्थलमै मृत घोषणा गरेका थिए । अन्य चारजनालाई अस्पतालमा भर्ना गरिएको छ जसमा एकको अवस्था गम्भीर छ, दुईजना सामान्य घाइते छन् । इजरायल डिफेन्स फोर्सले जनाएअनुसार चार जना घाइतेमध्ये एक आमनागरिक हुन् ।

सेनाले एलीको एक हजार बासिन्दालाई उनीहरूको घरमा बस्न र ढोका र झ्याल बन्द गर्न भनेको छ । यसैबीच रक्षामन्त्री योभ ग्यालान्टले स्थितिबारे छलफल गर्न वरिष्ठ रक्षा अधिकारीसँग बैठक गर्ने बताएका छन् ।

आइतबार जेनिनमा भएको भीषण झडपपछि जुडिया र सामरियामा तनाव बढेको छ । सशस्त्र समूहले सडक मुनि गाडिएको ४० किलो बम निस्तेज पारेको छ । यता हमासका प्रवक्ताले आक्रमणको प्रशंसा गरेका छन् । *रासस/एएनआई*

# श्रीलंकाका विदेशमन्त्री चीन भ्रमणमा जाने

**बेइजिङ–** श्रीलंकाका विदेशमन्त्री अली साब्रीले जुन २४ देखि ३० सम्म चीनको भ्रमण गर्ने भएका छन् ।

चिनियाँ राज्य परिषद्का सदस्य तथा विदेशमन्त्री छिन गाङको निमन्त्रणामा श्रीलंकाका विदेशमन्त्री साब्रीले चीनको भ्रमण गर्ने लागेको चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले बुधबार घोषणा गरेका छन् । *रासस/सिन्ह्वा*

# वेस्टर्न केपमा बाढीबाट २ जनाको मृत्यु

**केप टाउन–** दक्षिण अफ्रिकाको पश्चिमी केप प्रान्तमा आएको बाढीका कारण दुई जनाको मृत्यु भएको छ । बाढीबाट स्थानीय कृषिमा एक अर्ब र्‍याण्ड (लगभग ५४.५ मिलियन अमेरिकी डलर) क्षति पुग्न सक्ने आकलन गरिएको छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार पश्चिमी केप सरकारले प्रारम्भिक बाढी क्षतिको आकलन गर्दै प्रान्तको कृषि क्षेत्रको लागि ७५० मिलियन र एक बिलियन रेन्डको बीचमा हुने अनुमान गरेको छ ।

यद्यपि, प्रान्तीय सरकारका प्रमुख वेस्टर्न केपका प्रिमियर एलन विन्डेले हालै आएको बाढीबाट भएको क्षतिको विवरण संकलन भइरहेको जनाएका छन् । 'दुर्भाग्यवश बाढीमा दुई जनाले ज्यान गुमाएका छन् । हामी हराएकाका प्रियजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं । प्रत्येक जीवन गुमाउनु दुःखद हो,' उनले प्रान्तीय सरकारको वेबसाइटलाई उद्धृत गर्दै भनेका छन् ।

जुन १४ र जुन १९ बीचको भारी वर्षाको कारण दक्षिण अफ्रिकाको दक्षिणी प्रान्त पश्चिमी केपका केही क्षेत्रमा ठूलो बाढी निम्त्याएको छ । गत हप्तादेखि आएको बाढीमा कम्तीमा दुई जनाको मृत्यु भएको छ भने हजारौं विस्थापित भएका छन् ।

बाढीबाट प्रभावित क्षेत्रमा नदी पार गरेर यात्रा गर्ने र जोखिमयुक्त सडकमा नजान सर्वसाधारणलाई सचेत रहन आग्रह गरिएको छ । *रासस/सिन्ह्वा*


## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०२/०२ गते निम्न विवरणको Pulsar 200 NS FI ABS को burnt red रङ्को मोटरसाइकल आफ्नै घर अगाडि पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनीको नाम : क्षितिज न्यौपाने
बाइक नं.: बा.प्र -०२-०४० प ४३६०
च्यासिस नं.: MD2A36FX8MCH 96243
इन्जिन नं. : JLXCMH 92568
ठेगाना: टोखा ११, महादेवटार हाइट
मो.नं.: ९८६१९९२५१६

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING CO..

पूर्व स्वीकृति मिति २०७९/११/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०६ | LT. No. 281599 | चलानी नं. ६०१९७०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Pipe And Boiler Insulation Labor | 7 | 0 | 1400 | ४९,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १४ गते (29th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAF RESTAUANT & CAFE CO.

पूर्व स्वीकृति मिति: २०७९/०१/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०६ | LT. No. :262050 | चलानी नं.: ६०१७८३६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER/ WAITERESS | 67 | 29 | 150 | ६४,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १४/१५ गते (29/30th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
श्रम इजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com


नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
जलश्रोत तथा सिंचाइ विभाग
जनताको तटबन्ध कार्यक्रम
झापा

## गत विगतको धरौटी मागदावी गर्ने सुचना

*(प्रकाशित मिति : २०८०/०३/०७)*

यस कार्यालयको धरौटी खातामा आ.व. २०७५/७६ भन्दा अगाडीको निम्न निर्माण व्यवासायी र उपभोक्ता समितिहरुको निम्नानुसारको धरौटी रकम मौज्दात रहेको देखिन्छ । उक्त धरौटी रकम राफसाफ गरी धरौटी हिसाब समेत अद्यावधिक गर्नु पर्ने भएकाले सम्बन्धित सबै सरोकारवालाले यो सुचना प्रकाशित भएको मिति ले १५ दिन भित्र धरौटी मौज्दात रहेको प्रमाण सहित निबेदन मागदावी गर्नुहुन जानकारी गराउने प्रयोजनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली २०७७ को नियम ६५ बमोजिम फिर्ता पाउने धरौटी नियम ६७ (१) अनुसार राजश्वमा आम्दानी बाध्नु पुर्व यो सुचना प्रकाशित गरिएको छ । निर्धारित समय भित्र धरौटी फिर्ताको लागि स-प्रमाण मागदावी गर्नुहुन अनुरोध छ । म्याद नाघी आएका वा रित नपुगेको निवेदन उपर कुनै कारबाही हुने छैन । धरौटी मौज्दात विवरण निम्नानुसार रहेको छ ।

| सि.नं. | निर्माण व्यवासायी/समितिको नाम | धरौटी रकम |
|---|---|---|
| १ | मावा नदी नियन्त्रण उपभोक्ता समिति दमक-८, झापा | 16274 |
| २ | चर्चाबारी कमल नदी नियन्त्रण उपभोक्ता समिति, झापा | 155000 |
| ३ | रतुवामावा नदी नियन्त्रण प्रभावित मुल समिति, उर्लाबारी, मोरङ्ग | 129701 |
| ४ | बुग्गाधार होली कन्काई नदी नियन्त्रण उपभोक्ता समिति, झापा | 20291 |
| ५ | मिरचाडाँगी रतुवा नदी नियन्त्रण प्रभावित गाँउ समिति, महादेवा, मोरङ्ग | 105296 |
| ६ | कुञ्जीबारी कमल बनियानी उपभोक्ता समिति महाभारा-३, झापा | 111720 |
| ७ | अग्नी कन्स्ट्रक्स्न, शिवसताक्षी, झापा | 21800 |
| ८ | महाराजा स्थान कमल बनियानी नदी नियन्त्रण उपभोमक्ता समिति , शिवसताक्षी-४, झापा | 456517 |
| ९ | तेलियाडाँगी रतुवा खोला नियन्त्रण तथा रोकथाम उपभोक्ता समिति, गैरादह-६, झापा | 21178 |
| १० | कन्काई नदी किच्चकडाँगी तल्लो गाँउ संरक्षण समिति, झापा | 157103 |
| ११ | कमल बनियानी दोवान खोला कटान नियन्त्रण उपभोक्ता समिति, शिवसताक्षी-५, झापा | 31472 |
| १२ | कन्काई नदी होकलबारी संरक्षण समिति, गौरीगन्ज, झापा | 84018 |
| १३ | कालिकोटे नाका सारुनाका मेचि नदी नियन्त्रण उपभोक्ता समिति , मे.न.पा.१, झापा | 261999.52 |
| १४ | अभिमुक्तेश्वर जल उपभोक्ता समिति, कचनकवल, झापा | 321060 |
| १५ | केचना जल उपभोक्ता समुह, कचनकवल, झापा | 321306 |
| १६ | रामजानकी जल उपभोक्ता समुह, कचनकवल, झापा | 292600 |
| १७ | कन्काई नदी भाकुरमारी गाँउ संरक्षण उपभोक्ता समिति, गौरीगन्ज | 91424 |
| १८ | मुक्तेश्वर नाग मन्दिर संरक्षण समिति, फुडुलिङ-३ मेदिबुङ्, ताप्लेजुङ्ग | 43905 |
| १९ | किच्चकबधि जल उपभोक्ता समिति भद्रपुर-१ र ३, झापा | 276125 |
| | जम्मा | 2918790 |

कार्यालय प्रमुख

भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति :- २०८०/०३/०७

यस कार्यालयको मिति :- २०८०/०१/२७ को प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहायका कार्यका लागि निर्धारित मितिभित्र दर्ता भएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिएकाले स्वीकृतको आशयको प्रयोजनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| क्र.सं. | कार्यको विवरण | ठेक्का नं. | छनौट भएको बोलपत्रदाता | स्वीकृत रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | Supply And Delivery of Sanitary Pad | NCB/SP/BM/02/2079/2080 | M/s Wise Multipurpose Pvt.ltd. Tokha-09, Kathmandu | 28,07,751.68/- |

प्रमुख प्रशासकिय अधिकृत

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १११८०० | प्रति तोला - १११२५० | प्रति तोला - १४४० |



**खाना पकाउने प्रविधि** | सुर्खेतको वीरेन्द्र नगरस्थित प्रदेश अस्पतालमा रहेको घामबाट खाना पकाउने प्रविधि 'सोलार कुकिङ सिस्टम'।

*तस्बिरः सुरेश आचार्य/रासस*

# सार्वजनिक ऋण २१ खर्ब ७३ अर्ब नाघ्यो

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपालले हालसम्म तिर्न बाँकी सार्वजनिक ऋणको दायित्व रू २१ खर्ब ७३ अर्ब २४ करोड ७२ लाख पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको चालु आर्थिक वर्षको जेठ मसान्तसम्मको तथ्यांकअनुसार नेपालले रू १० खर्ब ९९ अर्ब ७२ करोड ३३ लाख आन्तरिक र रू १० खर्ब ७३ अर्ब ५२ करोड ३९ लाख बाह्य ऋण तिर्न बाँकी रहेको देखिएको हो।

घाटा बजेट ल्याउँदा बर्सेनि सार्वजनिक ऋण थपिँदै जाने र त्यसको साँवा ब्याज भुक्तानीको दायित्वको भारसमेत सरकारको वार्षिक बजेटमा बढ्दै जाने भन्दै संसद्मा विषय उठिरहेका बेला यस्तो तथ्यांक सार्वजनिक भएको हो। सरकारले आगामी आर्थिक वर्षको घाटा बजेट पूर्ति गर्नका लागि थप रू चार खर्ब ५२ अर्ब ७५ करोड बराबर ऋण उठाउने लक्ष्य राखेको छ।

जसमध्ये रू दुई खर्ब ४० अर्ब आन्तरिक र रू दुई खर्ब १२ अर्ब ७५ करोड बाह्य उठाउने सरकारको लक्ष्य छ। चालु आर्थिक वर्ष २०७९/८० सुरु हुँदा अर्थात् गतवर्ष असार मसान्तसम्ममा नेपालको सार्वजनिक ऋण रू २० खर्ब १३ अर्ब २९ करोड ६४ लाख बराबर थियो। चालु आर्थिक वर्षको पछिल्लो ११ महिना अवधिमा मात्र रू एक खर्ब ५९ अर्ब ९५ करोड आठ लाख बराबर ऋण थपिएको छ।

नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को आकार रू ४८ खर्ब ५१ अर्ब ६२ करोडलाई आधार मान्दा जिडिपीमा सार्वजनिक ऋणको अनुपात ४४ दशमलव ७९ प्रतिशत पुगेको छ।

जिडिपीमा सार्वजनिक ऋणको अनुपात बढ्दै जाँनु र न्यून पुँजी निर्माणका कारण आर्थिक वृद्धिदरसमेत कमजोर भइरहँदा त्यसले आगामी दिनमा मुलुकको अर्थतन्त्रलाई जोखिममा पार्नेसक्ने भन्दै यो विषय अहिले संसद्मासमेत उठिरहेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको ११ महिनामा सरकारले रू तीन खर्ब ६ करोड ऋण उठाएको छ भने रू दुई खर्ब पाँच अर्ब १७ करोड बराबर साँवा ब्याज भुक्तानी गरेको छ।

जेठ मसान्तसम्ममा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा गरेको खर्च करिब रू ५२ अर्ब आठ करोड ६० लाखले बढी हो। जेठ मसान्तसम्ममा सरकारको पुँजीगत खर्च रू एक खर्ब ५३ अर्ब आठ करोड ४२ लाख छ।

यसरी एकातर्फ सरकारको राजस्व असुली न्यून हुँदा ऋण उठाएर घाटा बजेट पूर्ति भइरहेको छ भने अर्कोतर्फ बर्सेनि थपिँदै गएको ऋणको साँवा ब्याजसमेत बढ्दै जाँदा वार्षिक बजेटको ठूलो अंश यसमा खर्च हुने गरेको छ।

यो अवधिमा आन्तरिक ऋणको साँवा, ब्याज र कमिसन भुक्तानीमा रू एक खर्ब ६४ अर्ब ४८ करोड ७८ लाख बराबर खर्च भएको छ। जेठ महिनासम्म आन्तरिक ऋणको साँवा भुक्तानीमा रू एक खर्ब आठ अर्ब ११ करोड ३८ लाख, ब्याज भुक्तानीमा रू ५६ अर्ब २६ करोड १० लाख र कमिसन भुक्तानीमा रू ११ करोड ३० लाख बराबर खर्च भएको छ।

त्यस्तै, बाह्य ऋणको साँवा ब्याज भुक्तानीमा रू ४० अर्ब ६८ करोड ४२ लाख बराबर खर्च भएको छ। बाह्य ऋणको साँवा भुक्तानीमा रू ३१ करोड ९९ लाख ८८ हजार र ब्याज भुक्तानीमा रू आठ अर्ब ६८ करोड ५४ लाख बराबर खर्च भएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ अनुसार कूल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ बराबर छ। कूल सार्वजनिक ऋणलाई कूल जनसंख्यासँग तुलना गर्दा प्रतिव्यक्ति ऋण रू ७४ हजार पाँच सय १६ बराबर पर्न जान्छ।

# दोहोरो अंकले घट्यो नेप्से परिसूचक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ। परिसूचक १४ दशमलव ०५ अंकले घटेर दुई हजार ५० दशमलव ७८ को बिन्दुमा कायम भएको हो। विभिन्न दुई सय ७१ कम्पनीका ८६ लाख ५१ हजार एक सय ६४ कित्ता सेयर रू तीन अर्ब ४९ करोड ६८ लाख २२ हजार दुई सय ६० बराबरको कारोबार भएको छ।

यो दिनको कारोबारमा होटल तथा पर्यटन, जीवन बिमा उत्पादन तथा प्रशोधन र व्यापार समूहको उपसूचक बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ। होटल तथा पर्यटन समूह दुई सय ३९ दशमलव ५१, जीवन बिमा ११ दशमलव ९६, उत्पादन तथा प्रशोधन १५ दशमलव ०१ र व्यापार समूह दुइ दशमलव ३६ अंकले बढेको छ।

सबैभन्दा धेरै विकास बैंक समूहको उपसूचकमा ५२ दशमलव ०५ अंकको गिरावट देखिएको छ। त्यस्तै बैंकिङ नौ दशमलव ९९, वित्त २८ दशमलव ०४, जलविद्युत् ४१ दशमलव ८७, लगानी एक दशमलव २०, लघुवित्त ४० दशमलव ३८, म्युचुअल फन्ड शून्य दशमलव १३, निर्जीवन बिमा शून्य दशमलव ८३ र अन्य समूह सात दशमलव ३० अंकले घटेको छ।

सिटी होटल लिमिटेडको सेयर मूल्यमा सबैभन्दा धेरै नौ दशमलव ९७ प्रतिशतको वृद्धि देखिएको छ। सबैभन्दा धेरै गुमाउनेमा भने ग्रीन भेञ्चर्स लिमिटेडको सेयर मूल्यमा छ दशमलव ९८ प्रतिशतको गिरावट देखिएको छ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा बुधबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू २३ करोड छ लाख ४१ हजार तीन सय २७ बराबरको चार लाख २३ हजार एक सय ९८ कित्ता सेयर किनबेच भएको छ।

# पोखरामा पहिलो अन्तर्राष्ट्रिय उडान

**कास्की–** पोखरेलीहरूको चार दशक अघिदेखिको सपना हो, अन्तर्राष्ट्रिय विमानस्थल। विमानस्थलको अवधारणा, जग्गा अधिग्रहणदेखि निर्माण सम्पन्न हुन ४० वर्ष लाग्यो। विसं २०७४ देखि निर्माण सुरु भइ रु २२ अर्ब लगानीमा निर्माण भएको विमानस्थल गत पुस १७ गते धुमधामसँग उद्घाटन पनि भयो। यो खुसीलाई साट्न पोखरेलीहरू विमानस्थलमा खचाखच भरिए। उनीहरूले मन फुकाएर स्वागत पनि गरे।

तर विमानस्थल उद्घाटन भए पनि अन्तर्राष्ट्रिय उडानका लागि भने अर्को करिब ६ महिना कुर्नुपर्‍यो। उद्घाटनयता आन्तरिक उडान मात्रै भइरहेको विमानस्थलमा बुधबार विहान पहिलो अन्तर्राष्ट्रिय उडान भयो। उद्घाटनमा जस्तै पोखरेलीले खुला हृदयले स्वागत गरे।

चीनको छेन्दुबाट आएको सिचुआन एयरलाइन्स आज विहान ९:०६ बजे अवतरण हुँदा 'वाटर क्यानन सल्युट'ले स्वागत गरियो। पहिलो अन्तर्राष्ट्रिय उडानका रूपमा ८४ जना यात्रु बोकेर आएको १३१ सिट क्षमताको चिनियाँ सिचुआन एयरलाइन्सलाई स्वागत गर्न पोखरेलीहरू बाजागाजासहित विमानस्थल पुगेका थिए। विमानका यात्रुहरूलाई पर्यटन व्यवसायीले माला र खादाले स्वागत गरे। उनीहरूलाई नेपाली ढाका टोपी लगाएर आतिथ्यता दर्शाए।

यद्यपि पोखरेली र यहाँका पर्यटन व्यवसायी अझै पनि नियमित अन्तर्राष्ट्रिय उडान हुन्छ भन्नेमा ढुक्क हुन नसकेपछि आशा भने पलाएको छ। उनीहरूले ढिलै भए पनि चार्टर्ड उडान हुनुलाई सकारात्मक सुरुवातका रूपमा। यसले छिमेकी देशमा नियमित अन्तर्राष्ट्रिय उडानको ढोका खुल्नेमा उनको विश्वास छ।




## उडानलाई नियमित हुनुपर्छ : व्यवसायी

चार्टर्ड उडानसँगै वर्षौंदेखि आँगनमा अन्तर्राष्ट्रिय उडानमार्फत विदेशी पर्यटक ओराल्ने सपना पूरा भएको पोखरेली पर्यटन व्यवसायीले बताएका छन्। उडानलाई नियमित गर्नेतर्फ लाग्नु जरुरी भएको बताउँदै व्यवसायीहरूले यसमा राज्यस्तरबाट चासो दिइनुपर्ने बताए।

पोखरा पर्यटन परिषद्का उपाध्यक्ष कृष्ण भण्डारीले चार्टर्ड उडानले व्यवसायी उत्साहित भएको बताउँदै ढिलै भएपनि अन्तर्राष्ट्रिय उडान हुनु पोखरा र समग्र गण्डकीका लागि खुसीको खबर भएको बताए। भण्डारीले भने, 'सुरुआतमा चार्टर्ड उडान सञ्चालन भए पनि हामी उत्साहित छौं। नियमित उडान गर्न ढोका खुलेको छ। पोखरामा अन्तर्राष्ट्रिय उडान भयो भन्ने सन्देश सबैतिर गएको छ। यसले अन्तर्राष्ट्रिय हवाई कम्पनीलाईसमेत ध्यान आकृष्ट गर्नेछ, नियमित उडानको ढोका खुल्ने विश्वासमा हामी छौं।'

पहिलो चार्टर्ड उडान सुरु भएको अवसरमा आयोजित कार्यक्रममा गण्डकी प्रदेश प्रमुख पृथबिमान गुरुङले विमानस्थल निर्माणमा चीन सरकारले खेलेको भूमिकाको उच्च सम्मान गर्दै विमानस्थल निर्माणदेखि अहोरात्र खटिनेप्रति धन्यवाद व्यक्त गरे। 'पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलमा आज अन्तर्राष्ट्रिय विमान अवतरण हुनु समग्र गण्डकी प्रदेशको पर्यटन विकासका लागि राम्रो सुरुवात हो', उनले भने।

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले पहिलो अन्तर्राष्ट्रिय चार्टर्ड उडानपछि आगामी दिनमा यसलाई नियमित गर्नेतर्फ सम्बद्ध सरकारी निकाय लाग्न सुझाव दिए। उनले चिनियाँ सहर तथा प्रान्तबाट सिधा उडानका लागि हालै गरिएको संसदीय प्रतिनिधिमण्डलको भ्रमणमा सम्बद्ध अधिकारीसँग छलफल भएको बताए।

उक्त अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री सुदन किरातीले नेपाल र चीनबीचको सम्बन्ध युगौंदेखि रहँदै आएको उल्लेख गर्दै सगरमाथालाई शान्ति र मित्रताको प्रतिकका रूपमा लिने गरिएको बताए। राजा अंशुवर्माकी छोरी भृकुटी तिब्बती राजा स्रोङचङ गम्पोसँग बिहे गरी गएको उल्लेख गर्दै उनले नेपालीले चिनियाँ नागरिकलाई पाहुना मात्रै नभइ अत्यन्त नजिकको नाता सम्बन्धका रूपमा लिने गरेको बताए।

नेपालका लागि चिनियाँ राजदूत छन् सोङले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको डिजाइन र निर्माण चीन सरकारको सहयोगमा भएको बताउँदै अन्तर्राष्ट्रिय उडानको सफल अवतरण गराइएको बताए। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाल र चीनबीचको पुरानो सम्बन्धलाई अझै मजबुद बनाउँदै लैजानुपर्ने आवश्यकता औंल्याउँदै गण्डकी प्रदेशमा रहेको कोरला नाकालाई सहज बनाउँदै व्यापारिकसम्बन्ध बढाउन चाहेको बताए।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनञ्जय रेग्मीले पोखराको पर्यटकीय गतिविधि बढाउनका लागि यहाँ अन्तर्राष्ट्रिय उडान हुनु आवश्यक भएको बताए। पोखरा विमानस्थल सञ्चालनको लामो समयसम्म अन्तर्राष्ट्रिय उडान नहुँदा पर्यटन बोर्ड तथा पर्यटन मन्त्रालय दबाबमा परेको उनको भनाइ थियो। उनले अन्तर्राष्ट्रिय चार्टर्ड उडानले आगामी दिनमा अन्तर्राष्ट्रिय उडान नियमित गर्न बल पुग्ने धारणा राखे। उनले भने, 'यहाँबाट नियमितरूपमा भारत तथा चीनका विभिन्न सहरमा उडानका लागि आजको उडानले सहयोग पुग्नेछ।'

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले अन्तर्राष्ट्रिय उडानका माध्यमबाट आफूहरूले पोखरालाई अन्तर्राष्ट्रिय बजारसँग जोड्न चाहेको बताए। आगामी दिनमा चीनका विभिन्न सहरबाट पोखरामा सिधा उडान हुने विश्वास व्यक्त गर्दै उनले तालैतालको सुन्दर सहर पोखराको भ्रमणका लागि आग्रह गरे। *रासस*

# हेटौंडा सिमेन्ट उद्योगमा पुनः उत्पादन सुरु

■ प्रभाव संवाददाता




**हेटौंडा–** दुई महिनादेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले बुधबारदेखि पुनः उत्पादन सुरु गरेको छ। उद्योगले सिमेन्टका साथै सिमेन्ट बनाउन प्रयोग हुने 'क्लिंकर'को उत्पादन पनि सुरु गरेको जनाएको छ।

क्लिंकर उत्पादनका लागि चाहिने आगो बाल्ने भट्टीमा विभिन्न उपकरण बिग्रिनुका साथै कोइलाको अभाव भएकाले सिमेन्ट उत्पादन बन्द गर्नुपरेको उद्योग व्यवस्थापनले जनाएको छ। हाल बिग्रिएका उपकरण मर्मत गरी उद्योग सञ्चालनमा आएको छ।

उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले उद्योगले बोलपत्र आह्वान गरेर भारत, इन्डोनसिया र भुटानबाट गुणस्तरीय कोइलाको आपूर्ति गरेको बताए। उनले प्रथम र दोस्रो चरणमा गरी एक हजार आठ सय मेट्रिक टन कोइला आइसकेकाले आजैबाट उत्पादन सुरु गरिएको जानकारी दिए। उनका अनुसार बाँकी एक हजार दुई सय मेट्रिक टन कोइला यही असार मसान्तभित्र आपूर्ति हुनेछ।

महाप्रबन्धक पाण्डेले सिमेन्ट उद्योगलाई १६ हजार मेट्रिक टन गुणस्तरीय कोइला आवश्यक पर्ने भए पनि आर्थिक अभावका कारण एकै पटक कोइला खरिद प्रक्रिया अगाडि बढाउन कठिनाइ उत्पन्न भएको उल्लेख गरे।

हेटौंडा सिमेन्ट उद्योगमा चार दशक पुराना उपकरण रहेकाले बेलाबेला उक्त उपकरण बिग्रिएर मर्मत गर्नुपर्ने भएकाले उत्पादन बन्द गर्नुपरेको उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिए। 'यसरी सञ्चालित उद्योग बन्द गर्नुपर्दा करोडौंको क्षति भएको छ। अब नयाँ प्रविधि भित्र्याएर उद्योगलाई आत्मनिर्भर बनाउने तर्फ योजना बनाएर कार्यान्वयन गर्नेछौं', उनले भने।

हेटौंडा सिमेन्ट उद्योगले विसं २०४३ मङ्सिर २६ गतेदेखि उत्पादन सुरु गर्दै आएको थियो। उद्योगले सिमेन्ट उद्योग उत्पादन बन्द गरे पनि उद्योगको भण्डारणमा रहेको सिमेन्टको प्याकिङ गर्नुका साथै काठमाडौंलगयात विभिन्न सहरमा सिमेन्टको आपूर्ति गरिरहेको कर्णको भनाइ थियो।

उद्योगले सिमेन्ट उत्पादनका लागि नयाँ उपकरण खरिद गरी जडान गर्न र नयाँ प्रविधिसहित उद्योग सञ्चालन गर्न प्रधानमन्त्रीका साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीलाई पत्राचार गरी अनुरोध गरिएको महाप्रबन्धक पाण्डेले जानकारी दिए। सरकारलाई उद्योगमा रहेका विद्यमान समस्याका बारेमा जानकारी गरिसकिएकाले त्यसतर्फ पहल गरिदिनु सम्बन्ध निकायलाई उनले आग्रह पनि गरे।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ